## पूर्ण इजलास

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** पु.नि.नं. ०६७-NF-००११, उत्प्रेषण समेत, *हरिनाथप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रहरी ऐनअनुसार कैदको सजाय पाएको अवस्था भिन्नै हो र नैतिक पतन देखिने कसूरमा अदालतबाट सजाय पाएको अवस्था भिन्नै हो । प्रहरी ऐनको कसूरमा कैद सजाय पाएकोलाई नैतिक पतन देखिने कसूरमा सजाय पाएको सम्झन नमिल्ने र त्यसै गरी अदालतबाट कुनै अन्य ऐनअन्तर्गतको नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोलाई प्रहरी ऐनअन्तर्गत कैद सजाय पाएको भनी मान्न नमिल्ने ।

जरीवानाको मात्र सजाय भएको कुरालाई नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानी सुनुवाइको मौका समेत प्रदान नगरी सेवाबाट बर्खास्त गर्न मिल्ने गरी प्रहरी ऐन तथा नियमावलीमा कुनै कानूनी व्यवस्था भएको नदेखिने हुँदा रिट निवेदकलाई प्रहरी सेवाबाट हटाउने शुरू निर्णय र त्यसलाई सदर गरेको मिति २०६४।११।२६ को पुनरावेदन निर्णय समेत कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी रिट निवेदकलाई कानूनबमोजिम तलव सुविधा समेत प्रदान गर्नुको साथै पूर्ववत् सेवामा बहाल गर्नु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०३०६, उत्प्रेषणयुक्त परमादेश समेत, *रत्नबहादुर मगर भन्ने रतनसिँह थापा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल समेत*

तालुक मन्त्रालय वा विभाग वा अन्य कुनै निकायको निर्देशन वा परिपत्रबमोजिम गरिएको निर्णय विशुद्ध प्रशासनिक प्रकृतिको निर्णय हुन जान्छ । त्यस्तो प्रशासनिक प्रकृतिको निर्णयलाई मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम मालपोत अधिकृतलाई प्राप्त न्यायिक निर्णय गर्ने अधिकारअन्तर्गतकै मान्न मिल्ने । मालपोत कार्यालय, बर्दियाले मिति २०६७।५।१८ मा निवेदकको नाममा दर्ता भएको जग्गाको दर्ता स्रेस्ता पूर्जा समेत बदर गर्ने निर्णय गर्दा स्पष्टतः सम्बन्धित भूमिसुधार तथा व्यवस्थापन विभाग र अन्य निकायबाट प्राप्त निर्देशन र परिपत्रबमोजिम निर्णय गरिएको भन्ने देखिन्छ । तसर्थ, आफैंले छूट जग्गा दर्ता गर्ने निर्णय गरिसकेपछि जग्गामा हक सिर्जना भइसकेका रिट निवेदकलाई नबुझी विभागीय निर्देशन एवं अन्य निकायहरूको पत्रलाई आधार मानी भएको मालपोत कार्यालय, बर्दियाको मिति २०६७।५।१८ को उक्त निर्णय कानूनअनुकूल नभई त्रुटिपूर्ण देखिने ।

मालपोत कार्यालयको मिति २०६७।५।१८ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल रिट निवेदकलाई प्रतिवादको अवसर नै नदिई विभागीय निर्देशनलाई निर्णयाधार बनाई भए गरेको देखिँदा सो निर्णय तथा सोअनुरूप कि.नं. ६५ र ६८ बाट कित्ताकाट भई आएका विभिन्न कित्ता जग्गाको दर्ता स्रेस्ता बदर गरी सरकारी कायम गर्ने गरी भए गरेका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई बुझी सुनुवाइको मौका प्रदान गरी कि.नं. ६५ र ६८ को जग्गाको दर्ता बदर हुने नहुनेतर्फ जे जो बुझ्नुपर्ने बुझी तथ्य प्रमाणहरूको समुचित मूल्याङ्कन गरी वस्तुनिष्ठ रूपमा ठहरेबमोजिम गर्नु भनी विपक्षी मालपोत कार्यालय, बर्दियाको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाईं

संवत् २०६९ साल बैशाख २५ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६८-WO-०६०४, उत्प्रेषण परमादेश, *नुरी शेर्पा वि. राजश्व न्यायाधिकरण, काठमाडौं समेत*

राजश्व न्यायाधिरकरणका स्रेस्तेदार तथा त्यहाँको इजलासले यी रिट निवेदक नुरी शेर्पाले लिई गएको पुनरावेदन पत्र दरपीठ गर्दा भन्सार ऐन, २०१९ को दफा ३७ लाई आधार लिएको पाइयो। साविकमा प्रचलित भन्सार ऐन, २०१९ लाई मिति २०६४।५।१४ मा प्रमाणीकरण भएको भन्सार ऐन, २०६४ ले खारेज गरेको पाइन्छ। यस नयाँ ऐनका सम्पूर्ण दफाहरू मिति २०६५।१।१५ देखि लागू भएको पाइन्छ। मिति २०६६।९।२० मा दाखिल भएको मोटरसाइकल २०६६।९।२७ को हक दावीसम्बन्धी सूचनापछि मिति २०६६।१०।२ को भन्सार कार्यालयको निर्णयमा मिति २०६४।५।१४ मा प्रमाणीकरण तथा मिति २०६५।१।१५ देखि लागू भन्सार ऐन, २०६४ प्रयोग गर्नु नपर्ने कारण समेत नखोली साविककै ऐनको प्रयोग गर्नु कानूनसम्मत् मान्न नमिल्ने।

भन्सार ऐन, २०६४ ले राजश्व न्यायाधिकरणको पुनरावेदनसम्बन्धी अधिकारको बारेमा दफा २२ मा व्यवस्था गरेको देखिन्छ। आफू कहाँ पुनरावेदन दर्ता गर्न ल्याएको पुनरावेदन पत्रमा उक्त ऐनको दफा ६२ बमोजिम पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने सम्बन्धमा विचार गरी उचित निष्कर्षमा पुग्नुपर्नेमा त्यसो नगरी खारेज भइसकेको साविक भन्सार ऐन, २०१९ लगाई सेस्तेदारबाट पुनरावेदन दरपीठ गरी सो दरपीठलाई सदर गरेको राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको मिति २०६८।७।२५ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

रिट निवेदकको पुनरावेदन दर्ता गर्ने सम्बन्धमा कानूनबमोजिम निर्णय गरी कानूनबमोजिम गर्नु गराउनु भनी विपक्षी राजश्व न्यायाधिकरण, काठमाडौंका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-०३३४, उत्प्रेषण परमादेश, *पुरकान्त मियाँ वि.रेखा गिरी समेत*

बिगो भराउने कारवाहीको सन्दर्भमा भएको पञ्चकृते मूल्याङ्कन मुचुल्का र लिलामको कारवाही समेत बदर गरिपाउनको लागि मुलुकी ऐन, दण्ड सजायको ६१ नं. अ.बं. १७ नं. बमोजिम यी निवेदकले उजूर गरेकोमा मोरङ्ग जिल्ला अदालत र पुनरावेदन अदालतबाट समेत रीत बेरीत हेरी भए गरेका कामकारवाहीहरू बदर हुने अवस्थाको नदेखिएको भनी आदेश भएको मिसिल प्रमाणबाट देखिन आउँछ। निवेदकले आफ्नो जग्गाको वास्तविक मोलभन्दा घटी मूल्यमा लिलाम गरिएको भनी जिकीर लिएकोमा निजको जग्गाको मूल्य कति पर्ने हो भनी रिट क्षेत्रबाट तथ्य र प्रमाणको मूल्याङ्कन गरी हेर्न नमिल्ने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

- यसै प्रकृतिको रिट नं. ०६७-WO-०६३१, उत्प्रेषण परमादेश, *पुरकान्त मियाँ वि.विनोदकुमार साह समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-०६०५, उत्प्रेषण परमादेश, *बालकाजी राई वि. पुनरावेदन अदालत, पाटन समेत*

काठमाडौं जिल्ला अदालतमा चलेको वादी सावित्री राई समेत प्रतिवादी बालकाजी राई भएको २०६६ सालमा दे.नं. ०४८९० को अंश मुद्दामा विवादमा रहेको यी निवेदक बालकाजी राईका नामको स्टाण्डर्ड चार्टर्ड बैंकको खातामा रहेको रकमबाट समेत अंश लाग्ने गरी मिति २०६८।५।१३ मा फैसला भैसकेको कुरा मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखिन आउँछ। उक्त बण्डा लाग्ने भनिएको बैंक खाताको रकम रोक्का राख्ने गरी शुरू तहको अदालतबाट भएको अन्तर्कालीन आदेश बदर गरी पाउन प्रस्तुत रिट निवेदनमा माग गरिएको, सो विषय त्यही अंश मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कनबाट ठहरेबमोजिम हुने विषय देखिएको हुँदा प्रस्तुत रिट निवेदनको

औचित्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने अवस्था देखिन नआउने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-०८९२, उत्प्रेषण परमादेश, *बिन्देश्वर साह वि. मालपोत कार्यालय, सुनसरी इनरूवा समेत*

डोरमा उपस्थित हुन रीतपूर्वकको सूचना पाएर पनि अनुपस्थित रहने र स्थानीय भलाद्मी समेत अदालतको डोरले सम्पन्न गरेको कार्यमा पछि आएर खोट देखाउने प्रवृत्ति कसैको पनि अधिकार होइन । फैसलाकै प्रतिकूल तथा कानूनद्वारा स्थापित कार्यविधिको ठाडैविपरीत देखिएमा बाहेक कार्यान्वित फैसलामा प्रश्न उठाउनु र त्यसलाई बदर गर्दै जानु न्यायोचित् नहुने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६९-WH-०००३, बन्दीप्रत्यक्षीकरण, *गोपाल पौडेलको हकमा रामबहादुर पौडेल वि.जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, काठमाडौं समेत*

वन ऐनविपरीतको कसूर अपराध गरेको भन्ने आरोपमा निवेदक गोपाल पौडेललाई रीतपूर्वकको पक्राउ पूर्जी दिई पक्राउ गरी मुद्दा हेर्ने अधिकारीबाट म्याद थप लिई थुनामा राखिएको र हाल निज विरूद्ध अभियोग पत्र पेश भई पुर्पक्षको लागि थुनामा राखेको भन्ने देखिएकोले गैरकानूनी थुनामा राखेको भन्ने अवस्था र स्थिति विद्यमान रहेको देखिन आएन । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको छ, छैन भन्ने कुरासम्म हेरिने हो । मुद्दा हेर्ने अधिकारीबाट पुर्पक्षको निमित्त थुनामा राख्ने गरी भएको आदेशको रीत बेरीत हेरी जाँची विचाराधीन रहेको उक्त मुद्दाको अन्तर्वस्तुभित्र प्रवेश गरी हस्तक्षेप गर्न मिल्ने स्थिति नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६६-CR-०११५, लागू औषध (गाँजा), *नेपाल सरकार वि. महेन्द्र नुनिया*

यी प्रतिवादीको साथबाट र निजको घरबाट समेत लागू औषध गाँजा बरामद भएको भन्ने देखिँदैन । लक्ष्मण साह कानू र महेन्द्र महतो चौहानले हाँकेको दुईवटा मोटरसाइकलबाट १३।१३ किलोका दरले गाँजा बरामद भएको देखिएको छ । मौकामा गाँजासहित पक्राउ परेका प्रतिवादी महेन्द्र महतो चौहानले बरामद भएको उक्त गाँजा यी प्रतिवादी महेन्द्र महतो नुनियाको घरबाट ल्याएको भनी अनुसन्धान अधिकारीसमक्ष पोल गरेको देखिए पनि अदालतसमक्ष बयान गर्दा निज स्वयं नै कसूरमा इन्कार रहेको देखिन्छ । अन्य प्रतिवादीले यी प्रतिवादीलाई पोल गरेको देखिँदैन । साथै यी प्रतिवादीको घरमा मौकामा गरिएको खानतलासी तथा बरामदी मुचुल्काबाट लागू औषधजन्य कुनै पनि अवैध वस्तु फेला नपरेको भन्ने देखिएबाट यी प्रतिवादीको आरोपित कसूरमा संलग्नता रहेको देखिने कुनै पनि वस्तुनिष्ठ सबूद प्रमाण मिसिल संलग्न रहेको नदेखिएको अवस्थामा अदालतमा आफू इन्कार रहेका प्रतिवादी महेन्द्र महतो चौहानले अनुसन्धानको क्रममा गरेको बयानमा यी प्रतिवादीको घरबाट उक्त लागू औषध ल्याएको भनी पोल गरेकै भरमा लागू औषध जस्तो मुद्दाको कसूरदार ठहऱ्याई सजाय गर्न नमल्ने हुँदा निज प्रतिवादीलाई सफाइ हुने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम् ।

८

**का.मु.स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६४-WO-०५९४, उत्प्रेषण

परमादेश समेत, *खड्गबहादुर खत्री वि. महेन्द्रनगर विकास समिति, महेन्द्रनगर समेत*

प्रचलित कानूनबमोजिम स्थापित नगर विकास समितिले निवेदकको जग्गा अधिग्रहण गरेबापत २०५१।१।३१ मै निवेदकलाई घडेरी उपलब्ध गराइसकेको र सोअनुरूप निवेदकले घडेरी प्राप्त गरी चित्त बुझाई सकेको अवस्थामा पुनः सोही अधिग्रहणबापत अर्को घडेरी पाउने उद्देश्य राखी प्रस्तुत रिट दायर गरेको देखिन्छ। निवेदकले आफ्नो रिट निवेदनमा अन्य व्यक्तिलाई सरह जग्गा उपलब्ध नगराएको भन्ने दावी लिएको भए तापनि महेन्द्रनगर नगर विकास समितिको मिति २०६४।८।३ को निर्णय हेर्दा जग्गा अधिग्रहणमा परेका निवेदक बाहेकको अन्य व्यक्तिहरूले पहिले जग्गा प्राप्त गरेको र हाल पुनः थप जग्गा पनि प्राप्त गरेको भन्ने देखिँदैन। साथै सो बारेमा निवेदकले वस्तुगत आधार प्रमाणसहित यो यस व्यक्तिले पहिले आफू सरह जग्गा प्राप्त गरेको र हाल पुनः सोही व्यक्तिहरूले थप जग्गा पनि प्राप्त गरेको भनी उल्लेख गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा रिट निवेदकको भोग चलनको ज.वि. १-१-१२ जग्गा अधिग्रहण गरेबापत यो यति परिमाणकै अर्को जग्गा थप उपलब्ध गराउनु पर्दछ भनी यस अदालतको रिट क्षेत्रबाट बोल्न नमिल्ने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार ११ गते रोज २ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६८-WO-०९९४, उत्प्रेषण परमादेश समेत, *मोती थकाली वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा नियमावलीअनुसार निवेदक तोकिएको अति दुर्गम क्षेत्रमा नभई दुर्गम क्षेत्रमा मिति २०६३।१०।२ देखि २०६६।२।१४ सम्म कार्यरत् रहेको देखिएको र सोपश्चात् मूलपानी प्राथमिक स्वास्थ्य केन्द्रमा सरूवा भएकोमा पुनः सेर्तुङ्ग स्वास्थ्य चौकी धादिङ्गमा भएको सरूवाको निर्णय निवेदकले दावी गरेअनुसारको अति दुर्गम क्षेत्रको सरूवा नभएको हुँदा सरूवा कानूनविपरीत नदेखिएकोले निवेदक मागबमोजिम आदेश जारी गरी रहन नपर्ने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-wo-०२९४, उत्प्रेषणयुक्त परमादेश, *धनञ्जय यादव वि. सुनौलो परिवार नेपाल तथा मेरी स्टोप्स प्रा.लि. कुपण्डोल, ललितपुर समेत*

फैसला कार्यान्वयन गर्ने निकायले समेत चासो राखी पत्राचार गरेको विषयमा मेरी स्टोप्स सर्भिसेजले पुनर्वहाली र सेवा सुविधा सम्बन्धमा आवश्यक निर्णय गरी निवेदक समेतलाई जानकारी दिएको र मिति २०६६।५।१३ गतेको गोरखापत्र दैनिकमा सार्वजनिक सूचना समेत प्रकाशित गरेको पाइँदा विपक्षीको सो कार्यलाई निवेदकको जिकीरको भरमा मात्र निजको पुनर्बहाली छल्न गरिएको छद्म कामकारवाही भन्न नमिल्ने।

निवेदक लामो समयसम्म आफूलाई कम्पनीले पदस्थापना गरी खटाएको स्थानमा हाजीर हुन नगएको र गोरखापत्र दैनिकमा प्रकाशित सार्वजनिक सूचनाअनुरूप कुनै स्पष्टीकरण समेत पेश नगरी बिना कुनै सूचना ३० दिन भन्दा बढी समयसम्म सेवामा अनुपस्थित भई बसेको अवस्थामा विपक्षी मेरी स्टोप्स सर्भिसेजले श्रम ऐन, २०४८ को दफा ५१ को देहाय खण्ड (ग२) अनुसारको खराब आचरणमा ऐ. दफा ५२ को उपदफा (४) तथा ऐ.को दफा ५० को देहाय खण्ड (घ) अनुसार सेवाबाट किन नहटाउने ? आफ्नो सबूद प्रमाणसहित ७ दिनभित्र स्पष्टीकरण पेश गर्नु भनी निवेदकलाई लगाइएको आरोप र सोबाट हुन सक्ने सजाय समेत स्पष्ट उल्लेख गरी निजको नामको म्याद निजको नागरिकतामा उल्लिखित वतनमा हुलाकद्वारा मिति २०६६।६।२१ मा रजिष्ट्री गरी पठाएको

रसिद मिसिल संलग्न रहेको र त्यसरी पठाएको पत्रको बोधार्थ श्रम कार्यालय, टेकुमा दर्ता गरी श्रम ऐन, २०४८ को दफा ५३(३) बमोजिम प्रतिष्ठानको सार्वजनिक सूचना पाटीमा टाँस गरेको मुचुल्का समेत मिसिल संलग्न भएको देखिन आएकाले विपक्षी मेरी स्टोप्स सर्भिसेजले यी निवेदकलाई सुनुवाइको मौका नै नदिई अनयास रूपमा कारवाही गरी सेवाबाट हटाइएको भन्ने मान्न नमिल्ने ।

श्रम अदालतको मिति २०६६।२।२२ को निर्णयानुसार पुनर्वहाली गरी पदस्थापना गरे पनि खटाइएको लामो समयसम्म पनि पुनर्बहालीको पत्र नबुझी पदस्थापना भएको स्थानमा हाजीर हुन नगै आफूखुशी अनुपस्थित भै बसेको सम्बन्धमा विपक्षी कम्पनीले ७ दिनभित्र स्पष्टीकरणसहित हाजीर हुन आउनु भनी मिति २०६६।५।१३ को गोरखापत्र दैनिकमा प्रकाशित सार्वजनिक सूचना उल्लिखित म्यादभित्र स्पष्टीकरण समेत पेश नगरी स्पष्ट रूपमा अनुशासनको उल्लंघन गरी बस्ने यी रिट निवेदकलाई विपक्षी कम्पनीले सेवाबाट हटाउने गरी मिति २०६६।७।१० मा गरेको निर्णय र सोअनुरूप गोरखापत्र दैनिकमा प्रकाशित भएको मिति २०६६।७।१२ को सार्वजनिक सूचनामा विद्यमान कानूनको त्रुटि समेत नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल भदौ २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०५२२, जवर्जस्ती करणी, *नेपाल सरकार वि.प्रेम लामा*

पीडितको कन्याजाली नच्यातिएको तथा निजको स्वास्थ्य स्थिति समेत साधारण रहेको देखिनुका साथै निजले पीडितलाई जवर्जस्ती करणी नै गरेको भन्नेसम्मको अन्य स्वतन्त्र एवं तथ्ययुक्त प्रमाण नदेखिँदा यी प्रतिवादी प्रेम लामाले पीडित क कुमारीलाई जवर्जस्ती करणी नै गरेको भन्न मिल्ने अवस्था नदेखिए तापनि निजले पीडितलाई आफ्नो कोठामा लगेको कुरामा सावित भई बयान गरेको तथा पीडितको योनीनेर कन्या जालीको बीचमा रातोपन देखिनुको साथै प्रतिवादीउपरको किटानी जाहेरी तथा जाहेरवाला र मौकामा बुझिएका व्यक्तिहरूले समेत अदालतमा उपस्थित भै जाहेरी दरखास्तलाई समर्थन हुने गरी बकपत्र गरेको देखिएको अवस्थामा प्रतिवादी प्रेम लामाले पीडित ३ वर्षकी नाबालिकालाई आफ्नो कोठामा लैजानुपर्ने सम्मको अन्य कुनै कारण नदेखिँदा मिसिल संलग्न संकलित प्रमाण तथा तथ्यहरूबाट प्रतिवादी प्रेम लामाले यी पीडित क कुमारीलाई जवर्जस्ती करणीको उद्योगसम्म गरेको तथ्य स्थापित भएको देखिँदा जवर्जस्ती करणीको उद्योगसम्म गरेको कसूरमा जवर्जस्ती करणीको महलको ३(१) तथा ५ नं. बमोजिम ७(सात) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः सञ्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दोर्णबहादुर भट्टराई*

प्रतिवादीले मौकामा र अदालतसमक्ष बयान गर्दा समेत आफूले मृतकलाई कुटपीट गरी विष समेत खुवाएको कुरामा सावित भएको र सो कुरालाई घाँटीमा नीलडाम देखिएको भन्ने लास जाँच मुचुल्का, लास जाँच प्रतिवेदन, मृत्युको कारण खुलाई पठाएको जनस्वास्थ्य कार्यालयको पत्र समेतले समर्थन गरेको छ । मौकामा कागज गर्ने व्यक्ति र जाहेरवाला समेतले यी प्रतिवादीले नै मृतकलाई कुटपीट गरी विष समेत खुवाएको कुरा मृतकले समेत भनेको भनी अदालतमा समेत बकी लेखाई दिएको समेत आधार, कारण प्रमाणबाट यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूर अपराध गरेको पुष्टि एवं प्रमाणित हुने ।

यी प्रतिवादी र मृतक ससुरा बुहारी भई निजहरूका बीचमा पहिलादेखि झगडा हुने गरेको देखिएको छ । बुहारीको अरू व्यक्तिहरू सँगको सम्बन्धका कारण देखाई मृतकलाई मार्ने मनसायले नै विषको शिशी ल्याई राति बुहारी सुत्ने कोठामा गई विष खुवाउन प्रयत्न गरी कुटपीट समेत गरेको कारण मृतकको मृत्यु भएको भनी प्रतिवादीले बयान समेतमा स्वीकारेको देखिन्छ । घटनाको प्रकृति हेर्दा मार्ने योजनासाथ विषको शिशी समेत ल्याई राति एक्लै गई घाँटी चिथी मार्नेसम्मको कार्य प्रतिवादीले गरेको देखिएकोले प्रहरी र अदालतमा सावित भएको भन्ने मात्र कारणबाट निजको उक्त आपराधिक कार्य अ.बं. १८८ नं. बमोजिम सजाय घटाउन नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.डिल्लीराम राई*

घटनास्थलमा यी प्रतिवादी समेत रहे भएको देखिएको, मृतकसँग वादविवाद झगडा समेत भई छुट्ट्याउन गएको भनी प्रतिवादी स्वयंले स्वीकार गरेको तथा बरामद भएको बाँसको गिँडमा समेत रगत लागेको भनी उल्लेख भएको तथ्यलाई मृतकको मृत्यु टाउकामा लागेको कडा चोटको कारण आन्तरिक रक्तस्राव भई भएको भनी उल्लेख भएको समेतबाट सिद्ध हुन आएको छ । प्रतिवादीले आरोपित कसूर गरेमा अदालतमा इन्कार रही बयान गरे तापनि ज्यानजस्तो गम्भीर अपराधमा अन्य प्रमाणबाट दावी समर्थन भइरहेको अवस्थामा अदालतको इन्कारीलाई मात्र आधार मानी प्रतिवादीलाई निर्दोष मान्न नसकिने हुँदा यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसारको अपराध गरेको पुष्टि एवं प्रमाणित हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या श्री तर्कराज भट्ट,** ०६६-WO-०१६९, उत्प्रेषण परमादेश समेत, *बतुला साइनी वि. मालपोत कार्यालय, नेपालगञ्ज बाँके समेत*

नापीको अवस्थामा एकाको जग्गा अर्कोको नाममा दर्ता हुन गएको भए सोही अवस्था जग्गा नापजाँच ऐन, २०१९ मा तोकिएको समयभित्र सुधार गरिलिन पर्नेमा सो विपक्षीहरूका पिता फकिरे नाउले गरेको छैन । हाल नापीमा दर्ता भएपश्चात् दर्तावाला फकिरे चमारबाट राजीनामा लिई यी रिट निवेदिकाको नाउँमा मिति २०४१।२।२६ मा कि.न. ५५ को जग्गा हस्तान्तरण भई निजको भोगमा रहेको अवस्थामा निवेदिकालाई सुनुवाइको मौका नदिई निजको नाउँमा रहेको उक्त कि.नं. ५५ को जग्गा विपक्षीमध्येका हासिम नाउ समेतको निवेदनको आधारमा निजको नाउँमा दर्ता गर्ने निर्णय मालपोत अधिकृतबाट भएको छ । प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल सुनुवाइको मौका प्रदान नगरी व्यक्तिको हक हितमा असर पर्ने गरी जग्गाको दर्ता, स्वामित्व, भोग र हकका सम्बन्धमा गरिएका यस्ता निर्णयहरूले कानूनी राजमा मान्यता पाउन सक्ने देखिँदैन । जुन व्यक्तिको हक वा हितको प्रतिकूल कारवाही वा निर्णय गर्न लागिएको हो सो व्यक्तिको कुरा सुन्नु (Audi Alterm Partem) तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिब अवसर दिनु पर्दछ भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्त रहेको छ । प्रशासकीय वा न्यायिक कारवाही र निर्णयको प्रतिकूल प्रभावबाट व्यक्तिलाई कार्यविधिगत सुरक्षा प्रदान गर्नु नै सुनुवाइको सिद्धान्तको मूलभूत उद्देश्य हुन्छ । कसैको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हक प्रयोगमा परिवर्तन गर्दा सम्पत्तिधारकलाई सो सम्बन्धमा सफाइ पेश गर्ने वा तत्सम्बन्धी प्रमाण पेश गर्ने अवसर दिएर मात्र निर्णय गर्नुपर्ने हुन्छ । सोबमोजिम यी निवेदिकालाई प्रतिवाद गर्ने यथेष्ट अवसर प्रदान समेत नगरी निजको नाउँको जग्गा विपक्षीको नाममा जाने गरी निर्णय गरिएको देखिँदा प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल निवेदिकालाई प्रतिवादको मौका समेत प्रदान नगरी निजबाट विधिसम्मत् कुनै लिखत पनि नगराई निजको नाम दर्ताको दावीको कि.नं. ५५ लाई

कि.नं. १२० र विपक्षी हासिम नाउ समेतको कि.नं. १२० लाई कि.नं. ५५ कायम गर्ने गरेको निर्णय कानूनअनुकूल नभएको र त्यसबाट निवेदिकाको संविधानद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा प्रत्यक्ष आघात पर्न गएको देखिएकोले निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदिकाको नामको कि.नं. ५५ को जग्गा पूर्ववत् निजको नाममा कायम राख्नु भनी विपक्षीका नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल साउन २६ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोकुल कार्की*

प्रतिवादी गोकुल कार्कीका नाउँमा मिति २०६३।४।१४ मा जारी भएको वारेण्टसहितको ७० दिने म्यादी पूर्जीको म्यादभित्र निज प्रतिवादी अदालतमा उपस्थित भई प्रतिवाद गर्न नआई पक्राउ समेत नपरी फरार रहेकोले निजको हकमा मुद्दा चली मुल्तवी रहेकोमा मुल्तवी अवधिमा समेत निज प्रतिवादी अदालतमा उपस्थित भई निर्दोषिता प्रमाणित गर्न र आरोपित कसूरबाट सफाइ लिन नसकेको भन्ने आधारमा यी प्रतिवादी गोकुल कार्कीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूरदार ठहऱ्याई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको देखिन्छ। मृतकलाई कुटपीट गरी कर्तव्य नगरेको भए वा निजको कसूरजन्य कार्यमा संलग्नता नरहेको भए यी प्रतिवादीले जारी भएको म्यादभित्र अदालतमा उपस्थित भई बयान दिई सबूद प्रमाण पेश गरी आफ्नो निर्दोषिता प्रमाणित गर्नुपर्नेमा सो नगरी फरार नै रही बसेको देखिएबाट प्रतिवादीका उपरको किटानी जाहेरी, मौकामा वारदातस्थलमा उपस्थित रामचन्द्र अर्याल समेतको कागज, सहप्रतिवादी हरिशरण भन्ने सरोज कार्की समेतको बयान मिसिल संलग्न कागजातबाट प्रतिवादी गोकुल कार्की समेतको कुटपीटबाटै मृतक विष्णुप्रसाद दनाईको मृत्यु भएको पुष्टि हुन आएबाट यी प्रतिवादी गोकुल कार्कीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१६३७, निषेधाज्ञा, *हरिराम थारू वि. जिल्ला प्रशान कार्यालय, बर्दिया समेत*

स्वामित्व स्थापित नभएको अवस्थामा भोग गरेकै आधारमा कुनै सम्पत्तिमा निजको कानूनी हक स्थापित हुन नसक्ने भएबाट निवेदकले नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतको उपचार माग गर्नसक्ने होइन। जग्गाको सम्बन्धमा आवश्यक व्यवस्थापन गर्ने, हदबन्दी भन्दा बढी जग्गाको सम्बन्धमा व्यवस्थापन गर्ने नेपाल सरकारको दायित्व भएको र सो दायित्वको परिचालनका लागि प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारको प्रयोग गरी आवश्यक कारवाही गर्नसक्ने नै देखिँदा तथा निजको कामकारवाहीबाट आफ्नो स्वामित्व नै नभएको जग्गाको विषयमा यी पुनरावेदकको नागरिक अधिकार हनन् हुने आशंका विद्यमान भएको भनी मान्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०२०५, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. मायाकुमारी गिरी*

शुरू जाहेरी दिँदा तथा अदालतको बयानमा यी पीडितले ड्राइभरले आफूलाई करणी गरिसकेपछि माया गिरीलाई रकम दिई गएको भनी उल्लेख गरेको देखिन्छ। तर करणी गरी ड्राइभरले आफूलाई रू. ५०।- दिएको भनी बयान समेत गरेकी यी पीडितले गरेको बयान परस्पर विरोधी भै आफैंमा विरोधाभाषपूर्ण देखिन्छ।

यस्तो विरोधाभाषपूर्ण बयानलाई आधार मान्नुपर्ने अवस्था समेत देखिएन । त्यस्तै आफूलाई करणी गर्ने कोठा अघि सुत्ने कोठा नभै छुट्टै कोठा भएको यी पीडितले बयान गरे पनि प्रतिवादी मायाकुमारी गिरीले आफ्नो बयानमा आफूले पसल गर्ने ठाउँमा सानो झुप्रो घर भएको र कोठा पनि नभएको भनी उल्लेख गरेको देखिन्छ । २ वटा टेबल जोडेर सुत्ने गरेको भनी प्रतिवादीले बयानमा उल्लेख गरेको समेत देखिँदा कोठा नै नभएको छाप्रोमा ढोका भएको भनी मान्न मिल्ने पनि भएन । छाप्रोमा यी पीडितलाई करणी गराउन ड्राइभरसँग पठाई बाहिरबाट ढोका बन्द गरेको भनी मान्न घटनाको वस्तुस्थिति समेतले देखिँदैन । यस्तो अवस्थामा यी पीडित भनिएकी जाहेरवालीले जाहरीमा उल्लिखित व्यहोरा र निजको अदालतको बयानलाई मात्र आधार मानी प्रतिवादी मायाकुमारी गिरीलाई अभियोग दावीबमोजिम सजाय गर्न न्याय, विवेक र कानूनसंगत् नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०४६२, चोरी, *श्याम पटेल वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाका जाहेरवाला यी श्याम पटेल स्वयं सरकारी मुद्दाको गवाह भएका र आफ्नो भनाईलाई आफैंले खम्बीर नहुने गरी बकपत्र गरेको देखिन्छ । कानूनबमोजिम अनुसन्धान प्रारम्भ गरी मुद्दा दायर भै मुद्दा चलेपछि आफ्नो शुरू व्यहोरालाई खण्डित गरेको कार्य यी जाहेरवालाबाट भएको देखिँदा निज जाहेरवालाको हकमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को ऐनको दफा २८(२)(क) आकर्षित हुने हुँदा जाहेरवाला श्याम पटेललाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२) (कं) बमोजिम १५(पन्ध्र) दिन कैद र रू. १५००।- (एकहजार पाँचसय जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-०८७४, अंश चलन, *सुलेमान मियाँ वि. बिबी बतुल मियाँ समेत*

कि.नं. १५५ को जग्गा प्रतिवादीका पिता हनिफ मियाँको नाममा २०२४ सालमा नापी भएको भन्ने देखिन आउँछ । सो जग्गा मानो छुट्टिएको मिति २०२३।११।१५ पछि नापी हुँदा हनिफ मियाँको नाममा नापी भए पनि हनिफ मियाँले मानो छुट्टिएपछि कसरी आर्जन गरेको हो र निजका नाममा के कुन प्रक्रियाबाट नापी हुन आएको हो भन्ने वस्तु तथ्य प्रतिवादीले खुलाउन र त्यसको प्रमाण पेश गरेको समेत देखिँदैन । मानो छुट्टिएपछि निजी रूपमा आर्जन गरेको मिसिल प्रमाणबाट नदेखिएको अवस्थामा सगोल परिवारभित्रको पैतृक जग्गा मानो छुट्टिएपछि कुनै अंशियारले नापी दर्ता गराउँदैमा त्यस्तो सगोलको सम्पत्तिबाट अन्य अंशियारको अंश हक कानूनतः समाप्त हुने भन्न मिल्ने हुँदैन । यसर्थ उल्लिखित कि.नं. १५५ समेत वादी प्रतिवादीको सगोलकै सम्पत्ति देखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६५-CR-०११९, ०२३१, ०२३२, लागू औषध, *नेपाल सरकार वि. सुनबहादुर तामाङ समेत, आशाबहादुर घले वि. नेपाल सरकार, पूरणबहादुर गुरुङ वि. नेपाल सरकार*

उपचार पद्धतिबाट पूरणबहादुरको पेटबाट लागू औषध निकालिएको भन्ने तथ्य निर्विवाद छ । सो लागू औषध हो भन्ने कुरा सो निलेको अवस्थामा आफूलाई थाहा नभएको र त्यो पाकिस्तानबाट नेपाल आउने क्रममा अपिम भन्ने कुरा हब्सीले कहिले औषधि र कहिले डलर भनी जवर्जस्ती खुवाएको भन्ने निजको अदालतको बयानलाई समर्थित गर्ने कुनै पनि प्रमाण पेश भएको देखिएको छैन । अपुष्ट रूपमा उल्लेख गरेको सो जिकीर नितान्त मनोगत देखिन्छ । अरूले

जबर्जस्ती ५१ वटा क्याप्सूल लागू औषध खुवाउँदा त्यति धेरै संख्याको क्याप्सूल निल्न सहज भएको अवस्था न त विश्वासयोग्य नै छ, न त तर्कसंगत् नै देखिन्छ। अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा निजले जुसको माध्यमबाट लागू औषध हेरोइनका ५१ क्याप्सुल निलेर ल्याएको भन्ने तथ्य अन्यथा देखिन आएको छैन। आफूले निलेको वस्तु लागू औषध रहेको तथ्यबारेमा निज अञ्जान रहेको भन्ने पत्यरिलो छैन। यी पुनरावेदक प्रतिवादी पूरणबहादुरलाई उक्त लागू औषधबारे पर्याप्त जानकारी रहे भएको र सो लिने उद्देश्यले नै निज पाकिस्तान गई उक्त लागू औषधबारे पर्याप्त जानकारी रहे भएको र सो लिने उद्देश्यले नै निज पाकिस्तान गई ल्याएको पुष्टि हुने।

साधारणतया सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन। तर, जब सहअभियुक्तको पोल अन्य प्रमाणबाट समर्थित हुन आउँछ भने त्यसले मुद्दामा महत्व राख्ने नै हुन्छ। त्यसमा पनि यी पुनरावेदक प्रतिवादीले मौकामा गरेको बयानबाटै पूरणबहादुरलाई लागू औषध लिन जान सहयोग गरेको भन्ने देखिन आएको छ भने प्रतिवादी पूरणबहादुरलाई पाकिस्तान जाने यी पुनरावेदक प्रतिवादी आशाबहादुरले नै मिलाई दिएको भन्ने तथ्यलाई सुकुन्दा ट्राभल्स एण्ड टुर्स प्रा.लि. को मिति २०६१।८।२२ को पत्रले पुष्टि गरेको देखिन्छ। उक्त पत्रबाट यी पुनरावेदक प्रतिवादी आशाबहादुरले नै प्रतिवादी पूरणबहादुर समेत दुई जनाले पाकिस्तान जाने टिकट लिन गएको सो ट्राभल्स एण्ड टुर्स प्रा.लि. को एक्सचेन्ज अर्डर नं. ८४ अनुरूप १९ डिसेम्बर, २००४ मा रेन्बो ट्राभल्स एण्ड टुर्स प्रा.लि. जमलबाट टिकट लिएको भन्ने देखिन्छ। प्रतिवादी पूरणबहादुर २०६१।६।४ अर्थात् २० सेप्टेम्बर २००४ लाई पाकिस्तानतर्फ उडेको देखिँदा सो तथ्य स्थापित भएको देखिने।

प्रस्तुत मुद्दाको कसूरमा वारदातअघिको मतियारको भूमिका निभाएको अवस्थासम्म मिसिलबाट देखिन आएको छ। मुख्य अभियुक्तका लागि आवश्यक पर्ने शर्तहरूको अभावमा यी पुनरावेदक प्रतिवादी आशाबहादुर घलेलाई अभियोग दावीबमोजिम सजाय हुने अवस्था मिसिलबाट देखिन आएको छैन। मिसिल अन्तर्वस्तुबाट देखिएको भूमिकालाई विवेचना र विश्लेषण गरी पुनरावेदन अदालतले निज पुनरावेदक प्रतिवादी आशाबहादुर घलेलाई प्रस्तुत मुद्दाको वारदातको मतियारसम्मको कसूरदार ठहर्‍याएको मिलेकै देखियो। सफाइ पाउन पर्ने भन्ने निज पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।

प्रतिवादी सुनबहादुर मतियारको भूमिकामा रहेका छन् कि भन्नेतर्फ विचार गर्दा वस्तुतः मतियारको दायित्व सम्बन्धमा अपराध हुनु अघि वा अपराध भइरहेको अवस्थामा वा अपराध भैसकेपछि प्रतिवादीले तत्सम्बन्धमा गरेको क्रियालाई वा खेलेको भूमिकालाई नै अवलोकन गर्नुपर्ने हुन्छ। वारदात अघि बरामद लागू औषध हेरोइन पाकिस्तानबाट नेपाल ल्याउने सम्बन्धमा मानसिक रूपले दत्तचित्त भई यी प्रतिवादीले कुनै सहयोगात्मक भूमिका निर्वाह गरेको मिसिलबाट देखिएको छैन। काठमाडौंमा प्रतिवादी पूरणबहादुरले लागू औषध ल्याएपछि पक्राउ परेको अवस्था हुँदा प्रस्तुत मुद्दामा वारदातपछि पनि लागू औषधको कारोवारमा यो यस्तो सहयोग वा कार्य गरेको भन्ने अवस्था छैन। काठमाडौंमा बरामद लागू औषध ल्याएपछि इन्डोनेशिया लानेतर्फ संलग्नता देखाएको वा त्यस कार्यमा मद्दत गरेको भन्ने देखिएको अवस्थामा मात्र निजको हकमा विचार गर्नुपर्ने नै हुन्छ। प्रतिवादी पूरणबहादुरले पाकिस्तानबाट लागू औषध ल्याउँदा निज पक्राउ परेपछि प्रस्तुत मुद्दाको अपराधको शृङ्खला निज पक्राउ परेको अवस्थाबाटै समाप्त भएको देखिन्छ। अपराधको शृङ्खला समाप्त भैसकेपछि सो अपराध सम्बन्धमा भविष्यमा के कस्ता कार्यहरू हुने हुन् र त्यसमा को को संलग्न हुन्छन् भनी पूर्वघोषित रूपमा दोषारोपण गर्न नमिल्ने।

अपराधमा फरक-फरक योगदान दिने सबै अवस्थाका अभियुक्तहरूलाई एउटै सजाय हुन नसक्ने प्रचलित कानूनमा व्यवस्था भएको देखिँदा यी कसूरदार ठहरिएका प्रतिवादीहरूलाई पनि निजहरूले अपराध घटाउने गरेको योगदानअनुरूप प्रचलित कानूनको आधारमा नै सजाय हुने कुरामा विवाद छैन। तसर्थ

पुनरावेदक प्रतिवादी पूरणबहादुर गुरुङलाई र आशाबहादुर घलेलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(६)(३) अनुसार जनही कैद वर्ष १५ र जरीवाना रू. ७,५०,०००।- हुने र प्रतिवादी सुनबहादुर तामाङलाई दिएको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६३।३।८ को फैसला केही उल्टी गरी प्रस्तुत मुद्दाको कसूरमा मुख्य भूमिका निर्वहन गर्ने पुनरावेदक प्रतिवादी पूरणबहादुरलाई शुरूले गरेको सजाय तथा कसूरमा कुनै भूमिका निर्वहन गरेको नदेखिएका प्रतिवादी सुनबहादुर तामाङलाई सफाइ दिएको शुरू फैसला खण्डलाई यथावत राखी पुनरावेदक प्रतिवादी आशाबहादुर घलेलाई गरेको सजायको हकमा शुरू फैसला केही उल्टी गरी निजलाई मतियार कायम गरी सोही ऐनको दफा १७ अनुसार ७ वर्ष ६ महिना कैद र रू. २,५०,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ असार २७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६७-CR-०१२८७, जवर्जस्ती करणी, *मोल्हुसेन हेन्ड्रिक ओटो (*Molhuysen Hendrik Otto*) वि. नेपाल सरकार*

कानूनमा प्रयुक्त कुनै दफाले अर्को दफामा प्रयुक्त प्रावधानलाई सापेक्षित रूपमा इंगित गरेको छ भने दुबै दफाका प्रावधानलाई एक अर्कोसँग निरपेक्ष रूपमा राखेर व्याख्या गरिनु हुँदैन । दुबैलाई एकअर्काको पूरकको रूपमा नै हेरिनुपर्ने हुन्छ । त्यसरी सम्बद्ध दफामा उल्लिखित प्रावधानहरूलाई दृष्टिगत गर्दा पनि अभियोजित कसूर अपराध भए नभएको सम्बन्धमा संदिग्ध वा द्विविधाको स्थिति सिर्जना भएमा त्यस्तो अवस्थामा अभियोजन दावीलाई अपनाउन सकिने स्थिति नहुँदा फौजदारी कानूनमा उल्लेख नभएको वा प्रचलित कानूनले कसूरको रूपमा इंगित नगरेको कार्यलाई कसूरको संज्ञा दिन कानूनतः नमिल्ने ।

अप्राकृतिक मैथुन के कसरी हुने भन्ने सम्बन्धमा विभिन्न कानूनी प्रावधानहरूमा उल्लेख गरिएको अवस्थामा कुनै कानूनी प्रावधानमा तत्सम्बन्धमा गरिएको व्यवस्थाले तत्सम्बन्धी अन्य कानूनी व्यवस्थामा भएको प्रावधानलाई आवद्ध गरेको छैन वा इंगित गरेको छैन भने फरक-फरक प्रयोजनका कानूनी प्रावधानहरूमा गरिएका व्यवस्थाहरूलाई एउटै अर्थमा लिन नमिल्ने ।

कुनै कसूरको नामाकरण एउटै भए पनि सो कसूरमा विविध क्रियाहरू समावेश हुनसक्ने र ती क्रियाहरूको गम्भीरताको आधारमा विधायिकाले फरक सजायको व्यवस्था गर्न सक्तछ । त्यसैगरी अप्राकृतिक मैथुनको कसूरमा के कस्तो कार्यहरू अन्तर्निहीत हुन सक्तछन् भनी विधायिकी कानूनले स्पष्ट पारी फरक-फरक क्रिया, माध्यम र विषयवस्तुको गहनताको आधारमा मुद्दाको कारवाहीको प्रक्रिया पनि फरक-फरक ढंगले तोक्न सक्दछ । यस परिदृष्टिमा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ९क नं. मा उल्लिखित अप्राकृतिक मैथुनको कसूरमा पशु करणीको महलको ४ नं. आकर्षित हुने भन्न नमिल्ने ।

प्रतिवादीलाई Provincia High Court of Alicante द्वारा नाबालकसँग गरेको दुर्व्यवहार र करणी (Child abuse and rape) को कसूरमा ६ वर्ष जेल सजाय तोकेको भनी Interpol Madrid ले Interpol Kathmandu लाई मार्च १२, सन् २००७ मा पठाएको इमेल पत्राचार (प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्सालको २०६३।१२।६ को पत्रसाथ प्राप्त) बाट समर्थित भएको र आफैंले अभिभावकत्वको संरक्षण दिएका अनाथ र असहाय नाबालकहरूलाई प्रलोभन दिई वा दवावमा पारी आफूसँगै सुताई अप्राकृतिक मैथुन जस्तो घृणित, अनैतिक र निन्दनीय अपराध गरेको मिसिलबाट देखिएको छ । बाल संरक्षण र बाल हितको नाममा स्थापित संस्थाको नियन्त्रण र संरक्षणमा रहेका असहाय र अनाथ नाबालकहरूउपर त्यस्तो संस्थाभित्रै जिम्मेवार व्यक्तिबाट घृणित अपराध गरेको भन्ने मिसिलबाट पुष्टि हुन्छ भने त्यस्तो कार्यलाई ढाकछोप गर्ने वा कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले जे जस्ता तर्क उठाए पनि न्यायिक पथबाट विचलित हुने अवस्था नआउँने हुँदा प्रतिवादीलाई जवर्जस्ती

करणीको महलको ९क नं. बमोजिम कसूर गरेकोमा सोही महलको ३(२) नं. बमोजिम निज प्रतिवादीलाई ८ वर्ष कैद र ९(क) नं. बमोजिम थप १ वर्ष कैदको सजाय गरी जाहेरवालाहरूलाई प्रतिवादीबाट जनही रू. २५,०००।- को दरले क्षतिपूर्ति भराई दिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार २७ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-००५५, उत्प्रेषण, *लक्ष्मीकुमारी गुरुङ समेत वि. वैदेशिक रोजगार विभाग समेत*

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार सम्बन्धमा सम्पत्ति रोक्का राखी कारवाही गरिपाऊँ भनी परेको उजूरीमा छानबीन र अनुसन्धान गरी अदालतमा अभियोग पत्र दायर गर्ने हो । कसको सम्पत्ति रोक्का राख्ने वा फुकुवा गर्ने सम्बन्धमा अनुसन्धान अधिकारीबाट कानूनद्वारा अधिकारप्राप्त भएको अवस्थामा मात्र सम्पत्ति रोक्का राख्ने हो अन्यथा कानूनको अख्तियारी बिना त्यस्तो रोक्का वा फुकुवा कानूनसम्मत् हुन सक्तैन । आफूलाई प्राप्त नभएको अधिकार ग्रहण गर्न र भए भन्दा बढी वा भएको अधिकारमा दुरुपयोग गरी कानूनको अधीनमा रही प्राप्त गरेका अरूको सम्पत्तिसम्बन्धी हक अधिकारमा हनन् हुने गरी कुनै कार्य गर्न छूट हुँदैन । अनुसन्धान र कारवाहीको क्रममा कानूनद्वारा प्रदान गरिएको अधिकारको प्रयोग गर्दा पनि सम्बन्धित दर्तावाला जग्गाधनीलाई समेत बुझी निजको भनाई र प्रमाणको सुनुवाइ गरी रोक्का राख्न मिल्ने नमिल्ने यकीन गरेर मात्र अनुसन्धान कारवाही अगाडि बढाउने पर्नेमा त्यस्तो बुझ्ने कार्य समेत भए गरेको नदेखिएको अवस्थामा निवेदकहरूको जग्गा रोक्का राख्ने गरेको वैदेशिक रोजगार विभागको कार्य कानूनसम्मत् भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-१११०, परमादेश समेत, *गोकर्णराज घिमिरे समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

हरिशरण कार्की समेत निवेदक र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत विपक्षी भएको उत्प्रेषणयुक्त परमादेश २०६५ को ०५९१ रिट निवेदनमा उक्त उपदफा (३) को व्याख्या भै यस्तै प्रकृतिको अर्थात् सातौं तहमा स्तरवृद्धि भै आएका कर्मचारीको हकमा दुर्गम वा अतिदुर्गमको सेवा अनिवार्य नभएको भनी मिति २०६६।७।११ मा व्याख्या भै सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत सिद्धान्त समेतको आधारमा कार्यसम्पादन मूल्याङ्कनमा उत्तम देखिए २०६४।४।११ पश्चात् दुई वर्ष पुगिसकेको देखिएको अवस्थामा निवेदकहरूलाई आठौं तहमा स्तरवृद्धि गर्न रोक्नु न्याय तथा कानूनसम्मत् नदेखिने ।

छैठौं तहबाट सातौं तहमा स्तरवृद्धि भएका निवेदकहरूको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(३) बमोजिम आठौं तह स्तरवृद्धि गर्ने प्रयोजनको लागि ऐनको दफा ९(२) बमोजिमको दुर्गम वा अतिदुर्गम सेवा अवधिको प्रावधान आकर्षित हुने नदेखिएको र दुई वर्षको सेवा अवधि समेत पुगिसकेको देखिँदा निवेदकहरू ऐनको दफा ९(३) मा उल्लिखित अन्य आधारबाट योग्य देखिए निजहरूलाई आवश्यक कानूनी प्रक्रिया पूरा गरी सातौं तहमा स्तरवृद्धि भएका मितिले दुई वर्ष पुगेको मितिबाट लागू हुने गरी आठौं तहको पदमा स्तरवृद्धि गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असार ११ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको. २०६६-WO-१२७२, परमादेश समेत, *कल्पलता सुब्बा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-११८१, उत्प्रेषणमिश्रित परमादेश, *पूर्णलाल श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक पूर्णलाल श्रेष्ठलाई नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६७।१०।१ को निर्णयअनुसार दुई वर्षको निश्चित् पदावधिका लागि नियुक्त भई निजको उक्त संस्थामा रही आफूलाई तोकिएको जिम्मेवारी विधिवत् रूपमा निर्वाह गरिआएको अवस्थामा बिना कुनै आधार कारण स्पष्टीकरण समेत नसोधी प्राकृतिक न्यायको सिद्धान्तविपरीत पदावधि बाँकी छँदाछँदै नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६८।३।१ को निर्णयअनुसार राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिमा दुग्घ उत्पादक सहकारी संस्थाका कृषक प्रतिनिधिबाट प्रतिनिधित्व हुने सदस्य पदबाट अवकाश दिएको देखिन आयो । बिना कारण र आधार जिम्मेवारीपूर्वक काम गरी आएको पदाधिकारीलाई हटाउनु भनेको अधिकारको न्यायोचित प्रयोग नगर्नु हो । त्यस्तो निर्णय स्वेच्छाचारी निर्णय भएको देखिँदा नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६८।३।१ को निर्णय एवं सोसम्बन्धी कामकारवाही समेत प्राकृतिक न्यायको सिद्धान्त र राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ७(३) विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदक पूर्णलाल श्रेष्ठको बाँकी रहेको अवधिसम्म राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिको सदस्य पदमा निवेदकलाई कार्य गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७-WO-११८२, उत्प्रेषणमिश्रित परमादेश, *प्रमोद खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६७-WO-११९९, उत्प्रेषणमिश्रित परमादेश, *रेशमराज पन्थी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RC-०११९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धने ढोली समेत*

मिसिल संलग्न सबूद प्रमाणबाट प्रतिवादीहरू विरूद्धको अभियोग शंकारहित रूपले प्रमाणित र पुष्टि हुन आएको साथै अदालत समेतबाट जारी भएको म्यादमा अदालतमा उपस्थित भै आफ्नो निर्दोषिताको प्रमाण पेश गर्न वा आफूउपर लागेको अभियोगको खण्डन गर्न नसकी आफ्नो क्रियाबाट अभियोगलाई स्वीकार गरेको देखिन आउँदा प्रतिवादीहरू धने ढोली, धनसिँह ढोली, हर्के नेपाली, डबले ढोली समेतले मृतक भरत ढोलीलाई कर्तव्य गरी मारेको अभियोग दावी पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०३९८, फैसला बदर, *शोभाकान्त चौधरी वि. सफिद महमद मियाँ*

तेस्रो पक्षको हकाधिकार (Third Party Right) स्थापित भइसकेपछि सो विवादमा तेस्रो पक्षलाई सम्मिलित नगराई तेस्रो पक्षको हक वा अधिकार समाप्त हुन नसक्ने ।

अदालतको अन्तिम फैसलाबाट विवादको निरोपण भै सकेपछि मालपोत कार्यालयको २०५७।४।१२ को निर्णयअनुसार कि.नं. १४३ को जग्गामध्ये कित्ताकाट भै कि.नं. ६७०, ६७१ र कि.नं. ५४७ जग्गा सम्मलाई सडकको जग्गा कायम गरिएको र बाँकी जग्गा नुनुवती र रमानन्द चौधरीको नाममा नभएको भन्ने मालपोत कार्यालयको पत्र समेतबाट देखिएको र उक्त जग्गा दर्ता सार्वजनिक नभई निजी जग्गा रहेकोले कि.नं. १४३ मध्ये कित्ताकाट भई कायम हुन आएको कि.नं. ६७०, ६७१ र ५४७ मा सडकको जग्गासम्म सार्वजनिक भै बाँकी जग्गाको हकमा सप्तरी जिल्ला अदालतको २०५६।१।१३ र पुनरावेदन अदालत, राजविराजको २०५७।३।२१ को फैसला कायम रहने गरी सोको हकमा वादी दावी नपुग्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत २९ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छन्:

- २०६२ सालको दे.पु.नं.०८५७४, २०६३ सालको दे.पु.नं. ९००४, फैसला बदर, *शोभाकान्त चौधरी वि. सफिद महमद मियाँ, सफिद महमद मियाँ वि. शोभाकान्त चौधरी*
- २०६२ सालको दे.पु.नं. ८५७५, २०६३ सालको दे.पु.नं.०६३-CI-०३४१, करार लिखत बदर सार्वजनिक कायम, *शोभाकान्त चौधरी समेत वि.गुलटेन यादव, गुलटेन यादव वि. शोभाकान्त चौधरी समेत*
- २०६२ सालको दे.पु.नं. ८५७६, ०६३-CI-०३४०, फैसला बदर सार्वजनिक हक कायम, *शोभाकान्त चौधरी वि. गुलटेन यादव, गुलटेन यादव वि. शोभाकान्त चौधरी*
- २०६३ सालको दे.पु.नं. ०६३-CI-९०१९, ०३३९, फैसला बदर सार्वजनिक हक कायम, *शोभाकान्त चौधरी वि.गुलटेन यादव, गुलटेन यादव वि. शोभाकान्त चौधरी*

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-१०३४, उत्प्रेषणयुक्त परमादेश, *शिवजी बस्नेत समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

रिट निवेदकका बाबु सम्वरबहादुरले २०२२ सालमा भएको सर्भे नापीका समयमा विवादित कि.नं. २६१ र २६२ को जग्गा आफ्ना नाममा दर्ता गराउँदा विवादित जग्गा दर्ताका सम्बन्धमा कुनै कारवाहीसम्म पनि नचलाएको र मालपोत ऐन, २०३४ को दफा २० को व्यवस्थाअनुसारको नदी कटान भएको अवस्था भएमा मालपोत मिन्हाको लागि कारवाही चलाउनु पर्ने वा सो जग्गा आफ्नो हकभोग तथा स्वामित्व रहेको अवस्थामा मालपोत बुझाउनु पर्नेमा सोअनुसार गरेको पनि पाइँदैन । यसैगरी विवादित जग्गा नेपाल सरकारका नाउँमा दर्ता भएको सम्बन्धमा २० वर्षसम्म कुनै कारवाही नगरी चुप लागी बसिरहेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल साउन २२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१००७, निषेधाज्ञा, *सरीताकुमारी चौधरी भगत वि. टुङ्गनु भगत समेत*

उज्वल सप्लायर्स एण्ड ट्रेडर्सका प्रोप्राइटर यी पुनरावेदकको पति विपक्षी सत्यनारायण भगतले निजको नाउँ दर्ताको दावीको कि.नं. ४९ को घरजग्गा नेपाल बैंक लिमिटेडको नाउँमा धितो पारीत गरी मिति २०५६।११।१२ मा कर्जा लिएकोमा सोको साँवा ब्याज समेत नतिरेकोले दिलाई भराई पाऊँ भनी वादी नेपाल बैंक लि. र प्रतिवादी उज्वल सप्लायर्स एण्ड ट्रेडर्स (प्रो. सत्यनारायण भगत) भएको ऋण असूली मुद्दामा प्रतिवादीबाट वादीले भराई पाउने

ठहरेको रकम भराई दिनका लागि प्रतिवादी सत्यनारायण भगत नाउँ दर्ताको दावीको कि.नं. ४९ को जग्गा र सोमा बनेको घर समेत लिलाम बिक्रीका लागि भएको बोलपत्र आव्हानमा विपक्षी रिकु लोहियाको बोलपत्र स्वीकृत भएअनुसार उक्त जग्गा निज रिकु लोहियाको नाउँमा दा.खा. नामसारी गरिदिनु भनी ऋण असूली न्यायाधिकरणले मालपोत कार्यालय, मोरङलाई मिति २०६७।२।२७ मा पत्राचार गरेको देखिन्छ । रिकु लोहियाले सकार गरी निजको नाममा दा.खा. नामसारी भैसकेको उक्त जग्गा निजले भोगचलन गर्न नसकेको भनी ऋण असूली न्यायाधिकरणमा निवेदन गरेकीमा निजले लिलाम सकार गरेको उक्त घरजग्गा खाली गराई भोगचलन गर्ने कार्यमा सहयोग गरिदिनु हुन भनी ऋण असूली न्यायाधिकरणले मिति २०६७।५।११ मा जिल्ला प्रशासन कार्यालय, मोरङलाई पत्राचार गरेको देखियो । यसबाट उल्लिखित कि.नं. ४९ को घरजग्गा यी पुनरावेदिका एवं निजको हकदारको निर्विवाद हकभोगमा रहेको भन्ने देखिन आएन । निर्विवाद हक स्थापित हुनै नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६८-CI-११६९, निषेधाज्ञा, *बुलाल महर्जन वि. निकेश महर्जन समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-११३०, परमादेश, *सुरज सुराना वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरूवा समेत*

ममता भट्टराई समेतले यी पुनरावेदक सुरज सुरानाउपर जिल्ला प्रशासन कार्यालय, सुनसरीमा दायर गरेको किरिया खर्च तथा क्षतिपूर्ति रकम दिलाई भराईपाउँ भन्ने मुद्दामा सो कार्यालयले यी पुनरावेदकको नाउँमा रीतपूर्वक म्याद तामेल नै नगरी मिति २०६७।४।१० मा एकतर्फी फैसला भएको कुरा थाहा पाई अ.बं. २०८ नं बमोजिम निवेदनसहित प्रतिउत्तर दर्ता गर्न गएकोमा दर्ता नगरी दरपीठ समेत नगरी दिएकोले उक्त फैसला बदर गरी बुझ्नुपर्ने प्रमाण बुझी कामकारवाही गर्नु भनी परमादेशको आदेश जारी गरी पाउन माग गरेको देखिन्छ । जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट मिति २०६५।८।२० गते जारी भएको यी निवेदक सुरज सुरानाको नाउँको म्याद हेर्दा, उक्त म्याद यी पुनरावेदक आफैंले बुझी लिएको तथ्य मिसिल संलग्न मिति २०६५।८।३० को तामेली प्रतिबाट देखिन्छ । यसबाट यी निवेदकले दावी गरे जस्तो निजलाई मुद्दामा प्रतिरक्षा गर्ने मौका नै नदिईकन एकतर्फी रूपमा फैसला भएको रहेछ भन्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-१४९७, निषेधाज्ञामिश्रित परमादेश, *दीलिपकुमार झा समेत वि.श्यामप्रसाद सिँह समेत*

चन्द्रनगर गा.वि.स. स्थित विवादित कि.नं. १२९ र ८१ मा रहेको नाडीमन पोखरी सो गा.वि.स. को हकभोग कायम गराउनेतर्फ आवश्यक कारवाही गर्नु भनी स्थानीय विकास मन्त्रालयले दिएको मिति २०६६।६।६ को निर्देशन कार्यान्वयन गर्न विपक्षीहरूले अटेर गरेकाले सो निर्देशनअनुसार गर्नु गराउनु भनी परमादेशको माग गरेको देखिन्छ । विवादित नाडीमन पोखरीमा गा.वि.स. को हकभोग कायम गराउनेतर्फ कारवाही गरी मन्त्रालयलाई जानकारी गराउन जिल्ला विकास समिति, सर्लाहीलाई निर्देशन दिने भनी नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०६६।६।४ मा निर्णय भएकोले सोअनुसार कारवाही अगाडि बढाउनु भनी स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समितिको कार्यालय, सर्लाहीलाई मिति २०६६।६।६ मा पत्राचार गरेको देखिन्छ । यसरी विवादित सार्वजनिक पोखरीमा जिल्ला विकास समितिको स्वामित्व रहने हो वा गा.वि.स. को स्वामित्व रहने हो भन्ने सम्बन्धमा यी दुई स्थानीय निकायको विवाद रहेको देखिए तापनि त्यस्तो

सार्वजनिक पोखरीमा कसको हकभोग कायम हुने हो भन्ने कुरा प्रस्तुत रिट निवेदनको रोहबाट बोल्न नमिल्ने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-११५८, उत्प्रेषण परमादेश, *ध्रुवनारायण साह समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बन्दका समयमा सवारी चलाउन सरकारले आह्वान गरेअनुरूप त्यसरी चलाइएका सार्वजनिक मालवाहक तथा यात्रुवाहक सवारी साधनभित्र कानूनले परिभाषित गरेबमोजिम निवेदकहरूका सवारी साधन भएको नभई निजी सवारी साधन भएबाट सवारी साधनको क्षति अङ्कका आधारमा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्त्रन्धी कार्यविधि, २०६६ को अनुसूची १४ बमोजिम क्षतिपूर्ति रकम निवेदकहरूले पाइसकेको हुँदा सार्वजनिक सवारी साधन सरहमा क्षतिपूर्ति पाउनु पर्ने भन्ने निवेदकहरूको निवेदन जिकीर कानूनसंगत् देखिन नआएको साथै सवारी साधनको क्षति अङ्कको आधारमा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को अनुसूची १४ बमोजिम क्षतिपूर्ति रकम निवेदकहरूलाई दिने गरी भएको निर्णयबाट समेत निवेदकहरूको संविधान तथा कानून भएको भन्ने कुरा नदेखिने ।

धितो रहेको जग्गा कृषि विकास बैंकले लिलाम गर्न लागेको हुँदा प्रतिषेधको आदेश जारी हुनुपर्ने भन्ने मागतर्फ विचार गर्दा ऋण लिने र ऋण प्रवाह गर्ने दुई पक्षबीच भएको सम्झौतामा उल्लिखित प्रावधानबमोजिम दुबै पक्षले आ-आफ्नो कानूनी दायित्व वहन गर्नुपर्ने हुन्छ । सम्झौतामा उल्लिखित ऋण भुक्तान गर्ने समयावधि किटान गरिएकोमा सो समयावधिभित्र सम्बन्धित ऋणीले ऋण भुक्तान नगरेमा ऋण सुरक्षणबापत धितो राखिएको त्यस्तो सम्पत्तिबाट कानूनको अधिनमा रही बैंकले असूल गर्न सक्ने नै हुँदा बैंकले ऋण असूलीतर्फ चलाएको कारवाहीलाई असर पर्ने गरी आदेश गर्न समेत न्यायोचित नहुने भएबाट सो सम्बन्धमा समेत मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-००८३, लागू औषध, खैरो हिरोइन, *विनीत महेन्द्र लुहारुका वि.नेपाल सरकार*

बरामदी लागू औषध हेरोइन (Diacetylmorphine) रहेको पाइएको भन्ने विधि विज्ञान प्रयोगशालाको मिसिल संलग्न जाँच प्रतिवेदनबाट देखिएको छ । अदालतसमक्ष बयान गर्दा खरीद तथा बिक्री वितरण गरेको भन्ने मुख्य दावीतर्फ इन्कार रही सेवनसम्म गर्ने गरेको हुँ भनी बयान गरेको देखिए तापनि लागू औषधको सो बरामदी परिमाण अर्थात् ३६ ग्राम एवं तराजु नगद समेतको आधारबाट हेर्दा निजको संलग्नता सेवनमा सम्म सीमित रहेको मान्न सकिने अवस्था देखिँदैन । त्यस तथ्यलाई बरामदी मुचुल्काका व्यक्तिहरू लीलाबहादुर पौडेल, विनोद भण्डारी र श्रीकृष्ण मानन्धरले समेत यी पुनरावेदकबाट ३६ ग्राम लागू औषध (खैरो हिरोइन) बरामद भएको भनी अदालतसमक्ष समेत उपस्थित भई बकपत्र गरी दिएको समेतबाट यी पुनरावेदक प्रतिवादी लागू औषधको दुर्व्यसनमा सम्म मात्र सीमित नरही बिक्री वितरणतर्फ पनि संलग्न रहेको देखिँदा प्रतिवादी विनित महेन्द्र लुहारकालाई लागू औषध खरीद बिक्री गरेको भन्ने समेत अभियोग माग दावीबमोजिम लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (ङ)(च) को कसूरमा ऐ. ऐनको दफा १४(१)(ङ)(२) बमोजिम १० (दश) वर्ष कैद र पचहत्तर हजार रूपैयाँ जरीवाना समेत हुने ।
इजलास अधिकृतः वसन्तजङ्ग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६८ साल माघ ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-०१४२, उत्प्रेषणयुक्त परमादेश, *गणेशबहादुर कार्की वि. लेखापालको बढुवा समिति, जिल्ला प्रशासन कार्यालय, उदयपुर समेत*

कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङको मिति २०६७।१।३१ को निर्णयानुसार रिट निवेदक गणेशबहादुर कार्कीलाई मिति २०६६।१२।२६ देखि जेष्ठता कायम हुने गरी नेपाल प्रशासन सेवा, लेखा समूह राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापाल पदमा बढुवा नियुक्ति गरी जिल्ला कृषि विकास कार्यालय, खोटाङमा पदस्थापना गरिएको भन्ने कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङको च.नं. ११८९ मिति २०६७।१।३१ को नियुक्ति पत्रको छाँयाप्रतिबाट देखिन्छ । रिट निवेदकले मिति २०६६।१२।२६ देखि जेष्ठता कायम हुने गरी निवेदन मागबमोजिमको लेखापाल पदमा बढुवा नियुक्ति पाई पदस्थापन समेत भइसकेको र उक्त नियुक्ति सम्बन्धमा चित्त बुझाई बसेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-०९२१, उत्प्रेषण परमादेश, *अम्बिकादेवी साह समेत वि. सत्यदेव साह समेत*

मुलुकी ऐन, अ.बं. १७९ नं. बमोजिमको कानूनी प्रावधानअनुसार बेरीतसँग डिसमिस हुने अवस्थामा पुनरावेदन लाग्नसक्ने र सो पुनरावेदन जिकीरहरू सम्बन्धमा विचार गरी सम्बन्धित अदालतले निर्णय दिनसक्ने नै हुँदा पुनरावेदन गर्न पाउने जस्तो सशक्त उपचार हुन सक्ने अवस्था हुँदाहुँदै सोतर्फ नगई निवेदकले प्रस्तुत रिट निवेदन दावी लिएर आएको देखिनाले सो सम्बन्धमा विचार गर्नु न्यायोचित् नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-०७३९, निषेधाज्ञा, *शरबहादुर हिराचन वि.बालकुमारी बस्नेत समेत*

स्वीकृत नक्साविपरीतको निर्माण कार्य हटाउने र ०-०-१-१ जग्गा चलन समेत पाउने भनी सर्वोच्च अदालतबाट भएको फैसला अन्तिम रूपमा रहेकोले सो फैसलालाई कार्यान्वयन गर्ने सन्दर्भमा सहयोग पुऱ्याउने उद्देश्यले विपक्षीमध्येका पोखरा उपमहानगरपालिका कार्यालयले निवेदकलाई पठाएको पत्रबाट निवेदकले भनेबमोजिम निजको घरबासै उठाउने काम भएको अवस्था नहुँदा निवेदकको नागरिक अधिकार हनन् भएको मान्न मिल्ने नदेखिँदा कानूनबमोजिम अदालतबाट अन्तिम फैसला भैसकेपश्चात् फैसला कार्यान्वयनको सिलसिलामा सहयोग पुऱ्याउने उद्देश्यले निवेदकलाई गरिएको पत्राचारले निवेदकको नागरिक अधिकार हनन् भएको अवस्था नदेखिँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०७५९, निषेधाज्ञा, *प्रशान्त के.सी.को हकमा संरक्षक भै आफ्नो हकमा समेत शर्मीला के.सी. वि. जिल्ला प्रशासन कार्यालय, कास्की समेत*

पुनरावेदन अदालत, पोखरासमक्ष चलेको प्रशान्त के.सी.को हकमा शर्मीला के.सी. विरूद्ध जिल्ला प्रशासन कार्यालय, कास्की समेत भएको विविध नं. ३९(०६७-WH-००५) नं. को बन्दीप्रत्यक्षीकरणको मुद्दामा सोही अदालतबाट मिति २०६७।११।१२।५ मा भएको बन्दीप्रत्यक्षीकरणको आदेशानुसार हाल नाबालक प्रशान्त के.सी. निवेदिका निजकी आमा शर्मीला के.सी. कै जिम्मामा रहेको देखिएको र उक्त कुरा यस इजलाससमक्ष निजका कानून व्यवसायीहरूद्वारा प्रस्तुत भएका पत्रहरू समेतबाट पुष्टि भैरहेको देखिन्छ । वर्तमान अवस्थामा नाबालक

प्रशान्त के.सी. उक्त मुद्दामा भएको मिति २०६७।११।२५ को आदेशानुसार आफ्नी आमाकै जिम्मामा रहेको देखिएको साथै पुनरावेदन अदालत, पोखराको उक्त आदेश अन्यथा नभएसम्म बच्चा आमाकै जिम्मामा नै ररिरहने अवस्थाको विद्यमानता देखिएको र आगामी दिनहरूमा निज नाबालक के कसको जिम्मामा रहने भन्ने कुरा कानूनबमोजिम हुने नै हुँदा तत्काल निवेदिका र नाबालक छोराको नागरिक अधिकार हनन् भएको वा हुने आशंका नदेखिँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-WO-०८४५, उत्प्रेषण परमादेश, *सरीतादेवी अग्रवाल वि. नेपाली सेना प्रवन्धरथी विभाग (खाद्य र परिवहन) जंगी अड्डा, काठमाडौं समेत*

रिट निवेदिका आफैंले सम्झौताबमोजिमको विपक्षी लिखित जवाफकर्तासँग ठेक्का तोडेको नभई विपक्षी कृष्णदल गणले ठेक्का रद्द गरेको अवस्थामा उल्लिखित दफा १२(ख) को व्यवस्था निवेदिकाको हकमा आकर्षित हुने देखिएन । बैंक जमानत जफत गर्ने गरी गरेको पत्राचारबाट निवेदिकाको सम्पत्तिसम्बन्धी हकविपरीत हुने गरी प्रतिकूल कार्य भएको देखिन आएको हुँदा बैंक जमानत जफत गर्ने गरी भएको विपक्षीहरूको सो हदसम्मको कार्य संविधान तथा कानूनसम्मत् नदेखिँदा मिति २०६७।७।२६ को सम्झौता रद्द गरी २०६७।११।२१ मा अर्को राशन आपूर्ति गर्ने सम्बन्धमा बोलपत्र आव्हान गरी सो सूचनाबमोजिम ठेक्का सम्झौता भई राशन आपूर्ति गर्ने कार्य भैसकेको देखिँदा मिति २०६७।११।१५ मा ठेक्का रद्द गरेको पत्र तथा मिति २०६७।११।२१ मा प्रकाशित सूचना बदर गर्नेतर्फ बोलिरहनुको कुनै औचित्य नदेखिँदा सो हदसम्मको बदर गरिपाऊँ भन्ने निवेदन दावी खारेज हुने ठहर्छ । अब, निवेदिकाले जमानतबापत राखेको धरौटी रकम फिर्ता नदिई जफत गर्ने गरी पत्राचार गर्ने काम कारवाही गर्नुभन्दा पहिला विपक्षी कृष्णदत्त गणले निवेदिकालाई धरौटी रकम के कुन कारणबाट जफत गर्नु परेको सो विषयमा पूर्व कुनै जानकारी तथा सूचना समेत नदिई विपक्षी कृष्णदल गणले एकतर्फी रूपमा २०६७।११।१० मा र मिति २०६७।११।१५ मा सनराइज बैंकलाई लेखेका पत्रहरू प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा कृष्णदल गणले सनराईज बैंक लिमिटेड, राजबिराजलाई लेखेको उल्लिखित मितिका दुबै पत्रहरूका हकमासम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदिकाले राखेको बैंक जमानत जफत नगरी फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-०१५६, परमादेश, *ईश्वरनाथ चालिसे वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

प्रस्तुत रिट निवेदन आफ्नो जग्गा धोवी खोला कोरिडोर सुधार आयोजनाले मुआब्जा नदिई बाटो बनाउन लागेकोले सोका लागि मुआब्जा दिलाई दिन परमादेशको माग गरिएको छ । उत्प्रेषणको दावी नभएको प्रस्तुत रिट निवेदनबाट कुनै निर्णय कामकारवाही समेत बदर हुने स्थिति छैन । ९.९ मीटर बाटो नदी किनाराका दुबैतर्फ निर्माण गर्ने त्यसको लागि निर्माण खर्च नेपाल सरकारले व्यहोर्ने र बाटोका लागि चाहिने जग्गा सम्बन्धित जग्गाधनी र मोहीहरूले छाड्नु पर्ने प्रावधान रही कार्य भइरहेको लिखित जवाफ एकातर्फ छ भने अर्कोतर्फ यस क्षेत्रभित्रका सम्बन्धित

जग्गाधनी तथा मोहीहरूलाई आयोजना सञ्चालन गर्दा विस्थापित नगरी विकसित घडेरी तथा कानूनबमोजिम निर्धारण गरिएको मुआब्जा रकम उपलब्ध गराउने नीतिअनुसार कार्य गर्दै आएको भनी विपक्षीको लिखित जवाफबाट देखिन आएको छ। यो प्रक्रियामा निवेदकले असहमति जनाएको पाइन्न। यस्तो अवस्थामा परमादेशको रिट जारी गर्न नमिल्ने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको ०६५-WO-०२६०, उत्प्रेषणयुक्त परमादेश समेत, *शंकरमान सिँह वि. ज्यानमाया महर्जन समेत*

रिट निवेदनमा साविक कि.नं. २६ को हाल कि.नं. ८ को का.जि. नयाँ नैकाप वडा नं. ८ को जग्गा नयाँ नापी हुँदा अन्य कित्तामा घुसेको र सो विषयमा ६ नं. नापी गोश्वाराबाट भएको निर्णय बदर गरिपाऊँ भन्ने मुख्य निवेदन जिकीर लिएको देखिन्छ। विवादित जग्गाका सम्बन्धमा नापनक्सा गरी तथ्यमा प्रवेश गरी सबूद प्रमाणको मूल्याङ्कन गरी हक बेहकका सम्बन्धमा रिट क्षेत्रबाट निर्क्योल गर्न नमिल्ने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६६-WO-०८२०, उत्प्रेषणयुक्त परमादेश समेत, *हरिबहादुर अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कर्यालय समेत*

गस्ती परिचरको पद सिर्जना गर्दा सो पदलाई निजामती वा प्रहरी र सेनाको पदभन्दा बेग्लै प्रकृतिको पद भन्ने मानी सेवाका शर्तहरूका बारेमा छुट्टै निर्णय समेत गरिरहेको अवस्था समेत देखिँदा गस्ती परिचरको पदलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० द्वारा व्यवस्थापन गरिने प्रकृतिको पद मान्न मिल्ने देखिँदैन। तसर्थ, गस्ती परिचर पद निवेदकको हकमा निजामती सेवा ऐन र नियमावलीकै सेवा शर्त आकर्षित भई व्यवस्थित हुने पद नदेखिने।

तत्कालीन मन्त्रिपरिषद्को मिति २०३४।८।२० को निर्णयलाई सेवा प्रवेश गर्दाका अवस्थामा स्वीकार गरी निवेदकले गस्ती परिचर पदमा नियुक्ति पाई सेवारत् रहेको र सोही निर्णयलाई नै आधार बनाई मिति २०५९।२।२३ मा मन्त्रिपरिषद्ले गरेको निर्णयानुसार गस्ती परिचरको अवकाश हुने उमेर हद प्रहरी जवान सरह ४८ वर्ष कायम गरी निवेदकलाई अवकाश दिने गरेको विपक्षीहरूको कामकारवाही कानूनप्रतिकूल समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको रिट नं. ०६६-WO-०९०२, उत्प्रेषणयुक्त परमादेश समेत, *वीरबहादुर लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको ०६६-CR-००६८, नागरिकता, *सन्तोष ओझा वि. नेपाल सरकार*

एउटै कसूरमा कुनै पनि व्यक्तिलाई एक पटक भन्दा बढी मुद्दा चलाउने र सजाय गरिने व्यवस्था नभएको कुरामा विवाद देखिँदैन। तर प्रस्तुत मुद्दामा यी प्रतिवादी सन्तोष ओझाले आफूसँग रहेको एस.एल.सी. को लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रमा जन्ममिति सच्याई मुलुकी ऐन, कीर्ते कागजको १ र २ नं. विपरीत सरकारी छाप तथा दस्तखत भएका कागजमा कीर्ते गरेको देखिन्छ भने अर्कोतर्फ सोही सच्याइएको प्रमाणपत्रमा उल्लिखित जन्ममितिका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने उद्देश्यले सम्बन्धित कार्यालयमा आवेदन फाराम समेत

पेश गरेको कारणले नेपाल नागरिकता ऐन, २०२० को दफा १५ को विपरीत कसूर मानिने कार्य गरेको देखिँदा निजको कसूरको प्रकृतिका आधारमा अलग-अलग मुद्दा चल्न सक्ने नै देखिन्छ । एउटै अपराधको सम्बन्धमा अलग-अलग कानूनअन्तर्गत कारवाही हुनसक्ने देखिएमा सोहीअनुसार मुद्दा चलाउनु र सजाय गर्नुलाई दोहोरो खतराको सिद्धान्त मान्न नसकिने ।

प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान कागज तथा अदालतसमक्ष गरेको साविती बयान, बुझिएका मानिसहरूको बकपत्र तथा संवैधानिक र कानूनी व्यवस्था तथा प्रतिपादित नजीर सिद्धान्त समेतमा उल्लिखित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादी सन्तोष ओझाले झूट्टा विवरण पेश गरी नागरिकता लिन आवेदन गरेको कार्य नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिमको कसूर ठहऱ्याई सोही ऐनको दफा १५ बमोजिम प्रतिवादी सन्तोष ओझालाई रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल साउन २९ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६६ सालको ०६६-CR-००६९, सरकारी छाप दस्तखत कीर्ते, *सन्तोष ओझा वि. नेपाल सरकार समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको ०६८-WO-१२१४, उत्प्रेषण, *का.म.न.पा. वडा नं.३० ठमेल, काठमाडौंमा कार्यालय रहेको सिचुवान प्रोभिन्स एरवेन कन्स्ट्रक्शन कं. लि. चाइनाको तर्फबाट अधिकारप्राप्त व्यक्ति लि. जिक्सिङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदक कम्पनीले पेश गरेको Line of Credit को कागजात उक्त Line of Credit जारी गर्ने भनिएको बैंकले नै आफूले जारी नगरेको भनी जवाफ पठाएको र निवेदकले उक्त बैंकको जवाफलाई अन्यथा भन्न पनि नसकेकोबाट निवेदक कम्पनीले आचरणविपरीत कार्य गरेको भनी सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ को प्रक्रिया पुऱ्याई कालोसूचीमा राखेको देखिएको र रिट निवेदक कम्पनीले उक्त कालोसूचीमा राख्ने निर्णय हुनुपूर्व सूचना प्राप्त गरेको समेत देखिएको अवस्थामा मागबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको दु.दे.नं. ०६५-CI-०१४०, लेनदेन, *विसुन लोहार समेत वि. इनावती लोहार समेत*

कुनै पनि व्यक्तिले कसैबाट ऋण लिई तिर्नुपर्दा एक पटक मात्र साँवा व्याज तिर्नुपर्ने हुन्छ । लेनदेनको दायित्व दोहोरो हुन सक्तैन । आफूले लिएको ऋण रकम र सोको व्याज समेत मूल साहू टाँसेको तीन छोरीहरूमध्ये सँग साथमा रहेकी माइली छोरी शान्तिले बुझी भरपाई गरिदिएको भन्ने कुरामा विवाद नभएको अवस्थामा सो भरपाईलाई मान्यता प्रदान गर्नुपर्ने हुन्छ । ऋणीले साहूको ऋण तिर्दा कोको अपुताली खाने हकदार हुन् भनी निर्क्योल गरी ऋण चुक्ता गर्ने कुरा आउँदैन । साहू र आसामीको सम्बन्ध भनेको लेनदेनको विषय हो । ऋणीले आफूले लिएको ऋणको साँवा व्याज बुझाउने र त्यसको भरपाई गर्ने हो । सक्कल तमसूक फेला नपरेको स्थितिमा भरपाई गरी साँवा व्याज बुझाउनु पर्ने कानूनी व्यवस्था लेनदेन व्यवहारको ५ नं. को देहाय १ नं. मा भएको पृष्ठभूमिमा भर्पाइलाई अन्यथा भन्नु पर्ने अवस्था देखिँदैन । को को अपुताली पाउने सम्बन्धमा लेनदेन मुद्दाबाट निर्क्यौल हुन नसक्ने अपुतालीको महलअन्तर्गत मुद्दा गर्नुपर्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको ०६६-CI-०१३३, हकसाफी, *कुमारी महर्जन वि. मानबहादुर महर्जन*

भूमिसुधार कार्यालय, काठमाडौंमा पुनरावेदक प्रतिवादीले मिति २०६३।९।५ मा जग्गा बाँडफाँडमा

निवेदन दिइसकेपछि मात्र प्रत्यर्थी वादी मानबहादुरले मालपोत कार्यालयमा निखनाई पाऊँ भनी निवेदन दिएको देखिन्छ । यस्तो अवस्थामा मालपोत कार्यालयले उपरोक्त अ.बं. १२ र ८९ नं. को गलत व्याख्या गरी भूमिसुधार कार्यालयलाई उक्त कार्यालयमा परेको जग्गा बाँडफाँड मुद्दा मुल्तवी राखेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्थाको विपरीत पहिले परेको मुद्दा मुल्तवी राख्न पत्राचार गरेको र सो कार्यालयले पनि आफूकहाँ परेको जग्गा बाँडफाँड मुद्दा मुल्तवी राखी पछि परेको मुद्दा छिन्ने कार्य कानूनको बर्खिलाप देखिने ।

मिति २०६३।६।३ मा पुनरावेदक प्रतिवादी कुमारी महर्जनले जग्गा रजिष्ट्रेशन पारीत गरेपछि मिति २०६३।९।५ मा मोही भाग छुट्टयाई पाऊँ भनी निवेदन दिई मिति २०६३।९।२३ मोहीको नाउँमा भूमिसुधार कार्यालय, काठमाडौंबाट म्याद तामेल भई सकेपश्चात् मोही मानबहादुर महर्जनले मिति २०६३।१०।७ मा निखनाई पाऊँ भनी निवेदन दिएको र निवेदनमा निखनाई पाउने कानून समेत उल्लेख नभएको तथा मालपोत कार्यालयले भूमिसुधार कार्यालयमा पहिले परेको मुद्दालाई अ.बं. १२ तथा अ.बं. ८९ विपरीत मुल्तवी राख्न पत्राचार गरी मुल्तवी रहेको र पछि परेको मुद्दामा पहिले निखन्ने ठहर गरेको र जग्गा बाँडफाँड मुद्दाबाटै रजिष्ट्रेशनको महलको ३५ नं. को देहाय दफा २ को प्रयोजनको लागि तेरो मेरोको स्थिति सिर्जना भएकोमा मालपोत कार्यालय कलंकीको अधिकारक्षेत्रमा प्रश्न उठी सकेकोले अदालतमा जानु भनी सुनाउनु पर्नेमा नसुनाई गरेको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको ०६७-CR-०५८३, बाली लुटपीट, *भीमप्रसाद माङमू (लिम्बू) वि. कालीबहादुर लिम्बू*

कि.नं. १०७, १०८, र १०९ को जग्गाको जग्गाधनी प्रमाणपूर्जा मिति २०६३।३।१९ मा यी वादीका नाउँमा तयार भएको मिसिल संलग्न जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपिबाट देखिएको र उक्त पूर्जाको जग्गाको विवरणको खण्डमा खर, आवादी खर भनी उल्लेख भएबाट उक्त जग्गामा खरबाली लगाउने र आवादी गर्ने भन्ने पुष्टि हुन आएको छ । जग्गामा प्रत्येक वर्ष एउटै बाली लगाउनु पर्छ भन्ने पनि छैन । वादीका साक्षी पदमबहादुर माङमू (लिम्बू) ले विवादित जग्गा वस्तु चरन होइन खर र कोदो बाली लगाएकै जग्गा हो । यी प्रतिवादीहरू सो समयमा वारदातस्थलमै थिए, विवादित जग्गा र प्रतिवादी ज्ञानबहादुरको घर अं. १० मिनेट जति दुरीमा पर्दछ । प्रतिवादीहरूले खेतलाका मद्दतद्वारा खर र कोदो लुटपीट गरेको मैले देखेको हुँ भनी किटानी बकपत्र गरी दिएको अवस्था देखिन्छ । आवादी जग्गा हो भन्ने कुरा नक्सा मुचुल्का समेतबाट पुष्टि भइसकेपछि २०६५ सालमा मकै देखिएको २०६३ सालमा कसरी कोदो फलेको थियो भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । प्रतिवादीले वादी दावीको बिगोमा घटी बढी भनी विवाद उठाएको नदेखिँदा वादी दावीबमोजिम रू. ४०,०००।- (अक्षरूपी चालीस हजार रूपैयाँ) बराबरको कोदो र खर लुटपीट गरेको देखिने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०२७७, उत्प्रेषण परमादेश, *जुमैदा खातुन वि. रामसुदिष्ट मिश्र समेत*

प्रस्तुत मुद्दाकै जस्तो तथ्य भएको *नेकाप* २०६७, चैत, नि.नं. ८५२८, पृ.२१२९ मा प्रकाशित वद्रीनारायण शाह वि.सत्यनारायण मलाह मुखिया भएको उत्प्रेषण/परमादेश मुद्दामा सगोलमा रहेको व्यक्तिको अंशियारको हैसियतले पाउने अंश भागसम्म रोक्का गरी फैसला कार्यान्वयनको कारवाही अगाडि बढाएकोलाई निस्तेज पार्ने गरी प्रारम्भमा नै सो कारवाही बदर गर्नु न्यायसंगत नहुने । फैसलाबमोजिम दायित्व बहन गर्नुपर्ने व्यक्तिको

नाउँमा सम्पत्ति नभएको भन्ने मात्र आधारमा फैसला कार्यान्वयन नै हुन नसक्ने होइन । जिम्मेवार व्यक्तिको साथ सगोलमा रहेका जहान परिवारका नाउँमा रहेको चल अचल सम्पत्ति समेत बुझी यकीन गरी फैसलाबमोजिम तिर्नु बुझाउनु पर्ने व्यक्तिको भागमा पर्न आउने कुनै सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति समेतबाट देवानी दायित्व पूरा गराउन अदालत समेत सक्रिय रहनु पर्ने र *नेकाप* २०६८, पुस, नि.नं. ८६८१, पृ.१४८४, शान्तिदेवी वि.मजवुन शेषिन समेत भएको उत्प्रेषणमिश्रित परमादेश मुद्दामा ऋण दिनेले असामीको सम्पत्ति वा कारोवार हेरेर आफ्नो रकम असूल हुने प्रत्याभूतिका आधारमा लगानी गरेको हुन्छ । अदालतले लेनदेनमा अन्तिम फैसला गरिदिए पछि पनि अनन्तकालसम्म कार्यान्वयन नहोस् भन्ने कानूनको उद्देश्य हुन नसक्ने । ऋणी र निजका परिवार मिली सम्पत्ति कहिल्यै नछुट्याएमा साहूको रकम तथा अदालतको फैसला शून्यमा परिणत हुन सक्ने अवस्था आउँछ । यसै गरी पारिवारिक सम्पत्तिको प्रबन्धलाई नै बिथोल्ने र अन्य अंशियार सदस्यलाई हानि नोक्सानी पुऱ्याउने असामीको नियत नै हुँदैन भन्न पनि सकिन्न । यसरी सवै सरोकारवाला पक्षको हित र सरोकारमा कानूनको परिधिभित्र रही सन्तुलन कायम गर्नु नै न्यायको तात्पर्य हुने । लेनदेन व्यवहारको ९ नं. को संरचनाले असामीको हक पुग्ने स्थितिलाई जनाएको हो । बण्डापत्र पारीत भई वा अंश मुद्दाको फैसला कार्यान्वयन भई असामीका नाममा दर्ता दाखिल खारेज भई जग्गाधनी प्रमाण पूर्जा बनेपछि मात्र साहूले सो सम्पत्ति समाउन पाउँछ भन्ने अर्थमा लेनदेन व्यवहारको ९ नं. लाई ग्रहण गर्नु अनुचित हुने । बण्डा नछुट्टिएकै भए तापनि ऋणीको अन्तरभूत अधिकार रहेको अंश भागबाट मात्र लिलाम हुन्छ र त्यसबाट केवल ऋणीकै भाग हिस्सा घट्दछ परिणामतः अरु अंशियारको भाग हिस्सालाई कुनै प्रतिकूल असर पर्दैन भने यस्तो कारवाहीलाई लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल भन्न नमिल्ने । पैतृक सम्पत्तिमा दर्तावाल व्यक्तिबाहेक सगोलका अन्य व्यक्तिको पनि अन्तरभूत अधिकार रहने कानूनी स्थिति रहेबाट सो हदसम्मको लिलामी कारवाही गैरकानूनी हुन नसक्ने । सम्पत्ति बण्डा नै नहुने प्रकृतिको हो वा नरम गरम मिलेको छैन भन्ने कुरा स्थापित नभएको अवस्थामा भविष्यमा हुने बण्डाबाट असामीको हक पुग्ने हदसम्मको हिस्साबाट हुन जाने असूली कारवाहीलाई अनुचित र अन्यायिक मान्न मिल्दैन । असामीको हक पुग्नु भनेको निजका नाममा दर्ता भइसक्नु मात्र होइन, सो सम्पत्ति प्राप्त गर्नसक्ने सुनिश्चितता पनि हो । लेनदेन व्यवहारको ९ नं. को आशय र मनसाय पनि यही देखिने भन्ने सिद्धान्त प्रतिपादन भइरहेकाले लेनदेन मुद्दामा हार्ने व्यक्तिको अंश हकबाट मात्र असूलउपर हुने कारवाहीले निवेदिकाको साम्पत्तिक हकमा कुनै पनि किसिमले प्रतिकूल प्रभाव नपर्ने ।

रिट निवेदकले आफ्नो रिट निवेदनमा महोत्तरी जिल्ला अदालतबाट मिति २०६६।८।२६ मा आदेश भएपछि विपक्षी राम सुदिष्ट मिश्रले घरसारमै फैसलामा ठहरेबमोजिम साँवा ब्याज रकम बुझी लिई बिगो मुद्दा तामेलीमा राखी पाउन भनी निवेदन दिएपछि मिति २०६६।८।२८ मा तहसीलदारको आदेशले सो बिगो मुद्दा तामेलीमा रहेको भनी जिकीर लिएको देखिन्छ । मिसिल संलग्न मिति २०६६।८।२८ को तहसीलदारबाट भएको तामेलीको आदेश हेर्दा यसमा ऋणीको बाबुको नामको जग्गाबाट बिगो भराउन नमिल्ने भनी मिति २०६६।८।२६ मा इजलासबाट आदेश भएको देखिँदा प्रतिवादीको नामको जेथाबाट बिगो भराई पाऊँ भनी ऐनका म्यादभित्र वादी आए कानूनबमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा रोक्का रहेको जग्गा फुकुवा गरी तामेलीमा राखिदिएको छ भन्ने व्यहोरा उल्लेख भएको देखिएबाट यी निवेदकले उल्लेख गरेको विपक्षी राम सुदिष्ट मिश्रले घरसारमै साँवा ब्याज रकम बुझिलिई बिगो मुद्दा तामेलीमा राखी पाउन भनी निवेदन दिएपछि सो बिगो मुद्दा तामेलीमा रहेको भन्ने जिकीर सही नभएकोले निज सफा हात लिई अदालत प्रवेश गरेको समेत नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WH-००१३, बन्दीप्रत्यक्षीकरण, *नरभूपाल मगरको हकमा अधिवक्ता गोविन्दराज खड्का वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदक नरभूपाल मगरको हकमा निवेदन दिने कानून व्यवसायी अधिवक्ता श्री गोविन्दराज खड्काले गैरकानूनी रूपमा थुनामा रहेका नरभूपाल मगरलाई विपक्षीले मिति २०६९।५।१३ गते बेलुका थुनाबाट मुक्त गरी सकेकोले प्रस्तुत निवेदन तामेलीमा राखीपाऊँ भनी आजै इजलाससमक्ष निवेदन दिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य नरहेकोले यसमा कारण देखाउ आदेश जारी गरिरहनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** *०६८-WO-१३१२, उत्प्रेषण परमादेश, का.म.न.पा. वडा नं. १ नक्सालस्थित वृहस्पति उच्च माध्यमिक सञ्चालक समितिको तर्फबाट एवं वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. को सञ्चालक समितिको तर्फबाट अख्तियारप्राप्त भै वृहस्पति विद्यासदन मा.वि. को संस्थापक समेतको हैसियतले आफ्ना हकमा समेत ऐ. अध्यक्ष पुरुषोत्तमराज जोशी वि. राष्ट्रिय सतर्कता केन्द्र, अनामनगर काठमाडौं समेत*

निवेदकले यस निवेदनमा लिएको विवादका विषयमा यसै अदालतमा रिट नं. ०६६-WO-०८१४, को रिट निवेदन तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थ नियुक्त गरिपाऊँ भन्ने निवेदन र काठमाडौं जिल्ला अदालतमा लिखत बदर मुद्दा दिएको भन्ने व्यहोरा निवेदनमा उल्लेख गरेको पाइन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय बदर गरिपाऊँ भनी यस अदालतमा दिएको रिट निवेदनमा यथोचित् निर्णय हुने नै छ । यस अवस्थामा मुद्दामाथि मुद्दा थप्नुको सार्थक औचित्य देखिँदैन । जिल्ला तथा पुनरावेदन अदालतमा दायर मुद्दामा पनि यथोचित् निर्णय हुने अवस्था छ । यस अवस्थामा भाडा सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले लेखेको पत्र र तत्सम्बन्धी निर्णय बदर गर्ने विषय उत्प्रेषणको विषय बन्न नसक्ने हुँदा प्रस्तुत रिट निवेदन निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल साउन ७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-०२९३, उत्प्रेषण, *कुलदेव मरवैता वि. काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरवार समेत*

उत्प्रेषणको रिटबाट सार्वजनिक पदाधिकारी वा निकायको अधिकारक्षेत्रको प्रयोगमा कुनै त्रुटि देखिएमा त्यसलाई सच्याउने गरिन्छ । त्यस्तो त्रुटिपूर्ण निर्णय बदर गर्दा त्यस्तो पदाधिकारीले गैरकानूनी तवरले वा अनुचित तवरले उक्त निर्णय गरेको हो, होइन हेरिन्छ । उत्प्रेषणको रिट जारी हुन जुन निर्णय बदरको माग गरिएको हो त्यस्तो निर्णय गर्दा अधिकारक्षेत्रको अभाव, अधिकारक्षेत्रको अतिक्रमण, अधिकारक्षेत्रको दुरूपयोग, प्राकृतिक न्यायको सिद्धान्तविपरीतको अवस्था, प्रत्यक्ष कानूनी त्रुटिको अवस्था तथा जालसाज वा कपट वा बद्नियतको अवस्थाको विद्यमानता भएको हुनु पर्दछ । प्रस्तुत रिट निवेदनमा रिट निवेदकले त्यस्तो कुनै पनि अवस्थाको विद्यमानता देखाउन सकेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल भदौ ३१ गते रोज १ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** प्रतिवेदन नं. ०६९-RE-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओमप्रकाश पौडेल*

प्रतिवादी ओमप्रकाश पौडेलले आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिए पनि वारदात

भएको दिनभरि निज कृष्णप्रसाद पौडेल र मृतक टंकप्रसाद पौडेल एउटै मोटरसाइकलमा बसी घुमेको, मादक पदार्थ सेवन गरेको भन्ने तथ्यलाई स्वीकारै गरेको देखिन्छ । दिनभरि सँगै घुम्ने भनिएका प्रतिवादी कृष्णप्रसाद पौडेल तथा कुटपीटको वारदातस्थलमा संलग्न रहेका भनिएका प्रतिवादीहरू टोपबहादुर शाह र योगेन्द्र शाहको बयानबाट पनि सो कुरा समर्थित नै भएको पाइन्छ । मर्नुभन्दा तत्काल अघि मिति २०६८।७।३० का दिन जिल्ला प्रहरी कार्यालय, कैलालीका प्रहरी निरीक्षक धनबहादुर कठायतसमक्ष मृतक टंकप्रसाद पौडेलले गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले निजलाई कुटपीट गरेको तथा भाग्न खोज्दा समेत नछोडेको भन्ने व्यहोरा लेखाई दिएको र सो कुरा अभियोगपत्रसाथ दशीको रूपमा पेश भई यस अदालतको आदेशबमोजिम झिकाएको भिजिबल सी.डी. समेतका प्रमाणबाट पुष्टि भएको छ। मृतकलाई घटनास्थलबाट तत्काल उद्धार गरी लैजाने भनिएका बुझिएका हिरालाल पौडेल तथा घटनाको लगत्तै मृतकको घरमा पुग्ने भगिरथी घिमिरेले मौकामा गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले मृतकलाई कुटपीट गरेको भनी मृतकले आफूहरूलाई भनेको भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ । त्यस्तै घटनाको प्रत्यक्षदर्शी भनिएकी धनसरा साउदले मौकामा गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले मृतकलाई कुटपीट गरेको मैले आफ्नै आँखाले देखेको हुँ भनी लेखाएको देखिन आउँछ ।

अनुसन्धानको क्रममा संकलित उपरोक्त सबूद प्रमाणका सम्बन्धमा अदालतबाट पछि थप परीक्षण हुनसक्ने भए पनि तत्काल प्राप्त प्रमाणको रूपमा मिसिल संलग्न रहेका ती प्रमाणहरूलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा १८(ख) बमोजिम थुनछेक प्रयोजनको लागि प्रमाणमा लिनुपर्ने नै हुन्छ । शुरू कैलाली जिल्ला अदालतबाट उपरोक्त तत्काल प्राप्त सबूद प्रमाणको विवेचना गरी प्रतिवादी ओमप्रकाश पौडेल कसूरदार देखिन आएको भनी मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ नं. बमोजिम पुर्पक्षका लागि थुनामा राख्ने गरी गरेको आदेश रीतपूर्वक नै देखिएकोमा तत्काल प्राप्त प्रमाण, थुनछेकसम्बन्धी कानूनी व्यवस्था र न्यायिक परिपाटीतर्फ सामान्य विचार समेत नगरी शुरू आदेशलाई बदर गरी प्रतिवादीबाट रू. २,००,०००।- धरौट वा जेथा जमानत माग्ने पुनरावेदन अदालत, दिपायलको मिति २०६८।११।४ को आदेश त्रुटिपूर्ण भई बेरीतको देखिएकोले बदर गरिदिएको छ । शुरू कैलाली जिल्ला अदालतको आदेशबमोजिम नै प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०६९ साल असोज १२ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-RE-००४८, ००४९, डाँका र ज्यान मार्ने उद्योग, *सुदाम चन्द्रवंशी वि. नेपाल सरकार*

यसमा भुवनचन्द्र राजवंशीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुदाम राजवंशी समेत भई चलेको डाँका र ज्यान मार्ने उद्योग मुद्दामा सुनसरी जिल्ला अदालतको मिति २०६२।९।१ को आदेशले प्रतिवादीहरू सुदाम राजवंशी र अशोक चन्द्रवंशीबाट प्रतिव्यक्ति रू. १५,०००।- धरौट वा सो बराबर जेथा जमानत माग भएअनुसार उक्त दुबै जनाको हकमा निवेदक भगवतलाल चौधरीले आफ्नो नाउँको कित्ता नं. ४०३, ३६३ र कित्ता नं. ४०६ को जेथा जमानी राखिदिएको देखिन्छ ।

सुनसरी जिल्ला अदालतबाट सफाइ पाए पनि पुनरावेदन अदालत, विराटनगरबाट कसूरदार ठहरेका उपरोक्त दुबैजना प्रतिवादीहरूलाई पुनरावेदन अदालत, बिराटनगरको मिति २०६५।९।८ को फैसलाअनुसार लागेको कैद र जरीवानाबापत प्रतिवादी सुदाम राजवंशीको नाउँमा दर्ता रहेको कित्ता नं. ३३०, ३३१ र त्यसमा भएका घरहरू समेतको रू. ५,२९,७७६।- मूल्याङ्कन भई आएअनुसार यस अदालतबाट माग भएको जम्मा धरौट रकम रू. ३,५९,१००।- बापत अ.बं. १२४(क) नं. समेतको रीत पुर्‍याई मिति २०६७।३।१७ मा जेथा जमानी स्वीकार गरी सकिएको देखिन्छ ।

यस्तो अवस्थामा शुरूमा धरौटबापत भागवतलाल चौधरीको नाउँको जग्गा जेथा जमानीमा राखिए पनि फुकुवा गर्न मागबमोजिम फुकुवा गरिदिनु पर्नेमा नगरेको

यसै अदालतको रजिष्ट्रारबाट भएका मिति २०६९।४।३ का दुबै आदेशहरू बेरीतको देखिँदा बदर गरिदिएको छ। निवेदक भागवत चौधरीले शुरूमा जेथा जमानी राखेका जग्गाहरू फुकुवा गरी अरू कानूनबमोजिम गर्नू।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।

## दरपीठ आदेश

१

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-AP-००४३, उत्प्रेषणयुक्त परमादेश, *बालकुमार घिमिरे वि. काठमाडौं जिल्ला अदालत समेत*

सीता महतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदक बालकुमार घिमिरे समेत भएको ठगी मुद्दामा शुरू जिल्ला अदालतबाट मिति २०५९।११।२९ मा तामेल भएको समाह्वान बेपत्ते भएको र त्यसपछिको अरू अदालतहरूबाट जारी भएको अन्य म्याद पनि बेपत्ते तामेल भएको देखिन्छ। उक्त सबै म्यादमा यी निवेदकको ठेगाना काठमाडौं महानगरपालिका वडा नं. ३४ भनी उल्लेख भएको तर सो ठेगाना निजको स्थायी वा अस्थायी के हो, सो नखुलेको र सो ठेगाना मेरो वास्तविक ठेगाना होइन भन्ने जिकीर रहेको भन्ने समेत देखिँदा निजको नाममा पहिला तामेल भएको म्यादमा उल्लेख भएको ठेगानाको आधार नखुल्नुका साथै सो तामेली कानूनबमोजिम छ वा छैन भन्ने प्रश्नको निरोपण न्यायिक निर्णयबाट हुनुपर्ने देखिन्छ।

यस्तो अवस्थामा संवैधानिक हक अधिकारको कुरा समावेश गरी दायर गर्न ल्याएको रिट निवेदन दर्ता गर्नुपर्नेमा दर्ता नगरी दरपीठ गरेको यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।४।२४ मा भएको आदेश बेरीतको देखिँदा बदर हुने।

इति संवत् २०६९ साल असोज ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RE-०३७३, वैदेशिक रोजगार, *धीरेन्द्र पुन वि. नेपाल सरकार*

यस अदालतको आदेशबमोजिम पेश हुन आएको प्रतिवेदन तथा निवेदनसाथ पेश भएका कागजातहरूको अध्ययन गर्दा शुरू काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा यी प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू. ५०,०००।- जरीवाना हुने ठहरेकोमा पुनरावेदन अदालत, पाटनबाट ३ वर्ष कैद र रू. १,००,०००।- जरीवाना हुने ठहरी फैसला भएको देखिन आयो। सो फैसलाउपर मुद्दाको कारवाही अगाडि बढाउन अ.बं. १९४ नं. बमोजिम सुविधा पाऊँ भनी परेको निवेदनका सम्बन्धमा विचार गर्दा यी प्रतिवादी शुरू अदालतमा मुद्दाको पुर्पक्षका सिलसिलामा अ.बं. ११८(२) नं. बमोजिम थुनामा रहेको र पुनरावेदन अदालतबाट फैसला हुँदा यी प्रतिवादीलाई रू. १,००,०००।- जरीवाना र ३ वर्ष कैदको सजाय हुने ठहरेको सन्दर्भमा मुलुकी ऐन, अ.बं. १९४(२) नं. अनुसार निवेदन मागबमोजिमको सुविधा प्रदान गर्न नमिल्ने भनी यस अदालतका सहरजिष्ट्रारको मिति २०६९।०३।२२ को आदेश मिलेकै देखिँदा अन्यथा गरिरहनु नपर्ने।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।

३

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-००४२, मूल्य अभिवृद्धि कर, *कृष्णबहादुर बस्नेत वि. सेलवेज डिपार्टमेन्ट स्टोर प्रा.लि.को तर्फबाट सुधीरमान प्रधानाङ्ग*

राजश्व न्यायाधिकरणको जुन फैसलाउपर पुनरावेदनको अनुमति पाऊँ भनी निवेदन परेको छ, उक्त मुद्दामा निवेदक आन्तरिक राजश्व विभाग, अनुसन्धान शाखा प्रत्यर्थी भई पक्ष कायम भएको देखिएको अवस्थामा मुद्दाको एक पक्ष यी निवेदक आन्तरिक राजश्व विभाग, अनुसन्धान तथा विकास शाखाको तर्फबाट पुनरावेदनको अनुमति पाऊँ भनी परेको निवेदन दरपीठ गर्ने यस अदालतको सह-रजिष्ट्रारबाट भएको मिति २०६९।३।१८ को आदेश मिलेको नदेखिँदा बदर हुने।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।

# अदालत गतिविधि

## सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीद्वारा भुटानको सर्वोच्च अदालतको अध्ययन र अवलोकन



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीसँग भुटानको
सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री ल्याम्पो सोनाम तोग्वे भेटवार्ताको क्रममा भ्रमण दलका अन्य सदस्यहरू

भुटानको सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री ल्यान्पो सोनाम तोग्वेले नेपाल र भुटानबीचको न्यायिक अभ्यास आदान प्रदान गर्ने उद्देश्यका साथ त्यहाँ स्थापित न्यायिक संस्थाहरूको अध्ययन अवलोकन गर्न २०६९ भदौ २९ गते पठाउनु भएको औपचारिक निमन्त्रणालाई स्वीकार गरी सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले यही २०६९ असोज १९ गतेदेखि २३ गतेसम्म भुटानको औपचारिक भ्रमण सम्पन्न गर्नुभयो ।

सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मी र श्री तोग्वेबीचको भेटवार्ताको क्रममा नेपाल र भुटानका अदालतलाई संविधान एवं कानूनद्वारा प्रदत्त अधिकारक्षेत्र, स्वतन्त्र न्यायपालिकाको महत्व एवं सोको संरक्षणका लागि भएका संवैधानिक, कानूनी व्यवस्था एवं अभ्यासहरू, न्यायिक संस्थाहरूको तह, स्वरुप र उनीहरूले प्रयोग गर्ने कार्यविधि, जनताको न्यायमा सहज पहुँचको अवस्था जस्ता विषयमा न्यायिक अनुभवहरूको आदान प्रदान भएको थियो । यसका साथै नेपाल र भुटानबीच सदियौंदेखि रहँदै आएको द्विपक्षीय सम्बन्धलाई भावी दिनमा न्याय एवं कानूनको क्षेत्रमा कसरी विस्तार गर्न सकिन्छ भन्ने विषयमा पनि उहाँहरू बीच छलफल भएको थियो ।

भ्रमणको क्रममा सम्माननीय प्रधान न्यायाधीशले भुटानको सर्वोच्च अदालत, उच्च अदालतको अध्ययन, अवलोकन गर्नुका साथै उच्च अदालतमा उपस्थित भुटानका प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीश, जिल्ला न्यायाधीशलगायत न्यायालयमा कार्यरत् उच्च पदस्थ अधिकारीहरूलाई नेपाली न्याय एवं कानून प्रणालीका विशेषता, विगत एवं वर्तमानका संवैधानिक, कानूनी अभ्यास तथा प्रचलनका बारेमा मन्तव्यमार्फत् जानकारी गराउनुका साथै जिज्ञासु

न्यायाधीशहरूबाट उठाइएका नेपाली न्याय प्रणाली सम्बन्धी केही चासोहरूलाई पनि सम्बोधन गर्नु भएको थियो ।

भ्रमणकै दौरानमा सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले भुटानी सर्वोच्च अदालतको निर्माणाधीन भवन लगायत भुटानको पुरानो राजधानी रहेको पुनाखा जिल्लामा अवस्थित करिव ४०० वर्ष पुरानो दरवार एवं हालको न्यायिक एवं प्रशासनिक भवनको अवलोकन गर्नुका साथै वांगदी जिल्लामा निर्माणाधीन १२०० मेघावाट क्षमताको पुना छांगछु जलविद्युत परियोजनाको पनि अवलोकन गर्नु भएको थियो ।

भेटवार्ता एवं अध्ययन अवलोकनको अवसरमा सम्माननीय प्रधान न्यायाधीशको भ्रमणको क्रममा भ्रमण दलका सदस्यहरू उहाँकी धर्मपत्नी श्रीमती शान्ता रेग्मी, सर्वोच्च अदालतका रजिष्ट्रार श्री लोहितचन्द्र शाह तथा निजी सचिव श्री कृष्णप्रसाद सुवेदी पनि उपस्थित हुनुहुन्थ्यो ।



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी भुटानको सर्वोच्च अदालतको निर्माणधीन भवन अवलोकनको क्रममा

# मेलमिलाप गरौं, विवाद नबढाऔं

**सर्वोच्च अदालत, मेलमिलाप समिति**